# प्रभाव दैनिक
National Daily


ई-पेपरका लागि

वर्ष ९ | अंक ३०८ | काठमाडौं | बिहीबार, २५ फागुन २०७९ | Prabhab National Daily | Thursday, March 09, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# आज चुनिँदै तेस्रो राष्ट्रपति

## रामचन्द्र पौडेल र सुवासचन्द्र नेम्बाङ प्रतिस्पर्धी

- पौडेललाई सत्ता गठबन्धन र नेम्बाङलाई एमालेको समर्थन
- राप्रपा तटस्थ, रास्वपा निर्णय गर्दै, नेमकिपा र हाम्रो नेपाली पार्टी अनिर्णित




**मतदाता**

| | |
|---|---|
| राष्ट्रियसभा | ५९ |
| प्रतिनिधिसभा | २७२ |
| प्रदेशसभा | ५५० |
| **कूल मतदाता** | ८८१ |

**रवि लामिछाने पदमुक्त, सहनाज रहमानको निधन र टेकबहादुर गुरूङ निलम्बित*

**राष्ट्रपतिमा कोसँग कसको प्रतिस्पर्धा ?**

पहिले
- डा. रामवरण यादव – रामराजाप्रसाद सिंह
- विद्यादेवी भण्डारी – कुलबहादुर गुरूङ
- विद्यादेवी भण्डारी – कुमारीलक्ष्मी राई

अहिले
- रामचन्द्र पौडेल – सुवासचन्द्र नेम्बाङ

■ **जेबी योञ्जन**

**काठमाडौं–** गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति आज चुनिँदै छ । संघीय संसद्अन्तर्गतका दुईवटा सदन प्रतिनिधिसभा र राष्ट्रिय सभा सदस्यसँगै प्रदेश संसद्का सदस्यहरू रहेको निर्वाचक मण्डलले मतदान प्रक्रियाबाट राष्ट्रपति चुनिने भएका हुन् ।

निर्वाचक मण्डल ८८१ जना छन्। त्यसमध्ये प्रतिनिधिसभाका २७२ जना, राष्ट्रिय सभाका ५९ जना र प्रदेशसभाका ५५० जना छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधिसभा सदस्य निर्वाचित रवि लामिछाने पदमुक्त हुँदा कांग्रेस सांसद टेकबहादुर गुरुङ निलम्बित र जनता समाजवादीकी सांसद सहनाज रहमानको निधन भएको छ। बाँकी ८८१ जना निर्वाचक मण्डलबाट आज तेस्रो राष्ट्रपति चुनिनेछ। राष्ट्रपति बन्ने प्रतिस्पर्धामा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ छन् । उनीहरूमध्ये एक जना राष्ट्रपतिमा निर्वाचित हुने छन् ।

निर्वाचन आयोगले राष्ट्रपतिका लागि मतदान बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म तोकेको छ। मतदान केन्द्र नयाँ बानेश्वरस्थित संघीय संसद् भवनको ल्होत्से हलमा रहेको छ। राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत महेश शर्मा पौडेलले स्वच्छ, निष्पक्ष, स्वतन्त्र र व्यवस्थित निर्वाचन हुने बताए। उनका अनुसार मतदाता रहेका निर्वाचक मण्डल (सांसद)हरूले मतदान केन्द्रमा मोबाइल लैजान पाउने छैनन् ।

निर्वाचनका लागि संघीय सांसदको मतदान केन्द्रमा उच्च अदालत पाटनका उपरजिस्ट्रार केशव पौडेल र प्रदेशसभा सदस्यको मतदान केन्द्रमा सर्वोच्च अदालतका उपरजिस्ट्रार लोकनाथ पराजुली खटिएका छन् ।

कांग्रेस वरिष्ठ नेतासमेत रहेका राष्ट्रपतिका उम्मेदवार पौडेललाई उनको दल कांग्रेससहित सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ । प्रदेशमा एक सिट रहेको डा. बाबुराम भट्टराई नेतृत्वको (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# इजरायलको कृषि क्षेत्रमा कामदार लैजान छलफल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको इजरायलले कृषि क्षेत्रमा नेपाली कामदार लैजाने चासो देखाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याल र नेपालका लागि इजरायलका राजदूत हनान गोदरबीच भएको भेटमा कृषि क्षेत्रमा नेपाली कामदार लैजाने विषयमा छलफल भएको हो ।

मंगलबार मन्त्रालयमा भएको भेटका क्रममा राजदूत गोदरले कृषि क्षेत्रमा आप्रवासी कामदारको माग उच्च रहेकाले नेपालबाट लैजाने सम्बन्धमा कुराकानी गरेको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता कविराज उप्रेतीले बताए । उनका अनुसार इजरायलले यसअघि नै कृषि क्षेत्रमा एक हजार नेपाली कामदार लैजान सकिने जानकारी दिएपछि आवश्यक तयारीका लागि सुझाव तथा अध्ययन टोली गठन गरी काम गरिरहेको छ । यद्यपि, यस विषयमा थप छलफल भएको बताइएको छ ।

यस्तै मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै राजदूत गोदरसँगको भेटमा सचिव अर्यालले इजरायलमा रहेका नेपाली कामदारहरूको बारेमा पनि जानकारी लिएको जनाएको छ । साथै, इजरायलका विभिन्न स्याहार केन्द्रका लागि सहायक कामदार (केयर गिभर)का रूपमा छनोट भई रोजगारीको लागि प्रस्थान हुन बाँकी रहेका कामदारहरूलाई प्रस्थानको सहजीकरण गरिदिन सचिव अर्यालले आग्रह गरेको उल्लेख छ। इजरायलले केयर गिभर, कृषि क्षेत्र मात्र नभएर स्वास्थ्य जनशक्ति र निर्माण क्षेत्रमा पनि नेपाली कामदार लैजान नेपाल सरकारसँग विभिन्न चरणमा कुराकानी भइरहेको मन्त्रालयले जनाएको छ ।

हाल रोजगारीका लागि छनोटमा परेका एक हजारभन्दा बढी नेपाली इजरायल पुगिसकेका छन् भने ६४ जनाको भिसा प्रक्रियामा रहेको वैदेशिक रोजगार विभागले जनाएको छ। पहिलो चरणमा छनोट भएका सबै कामदार इजरायल पुगेपछि दोस्रो चरणमा ५०० जना नेपालीलाई केयर गिभरमा लैजान तयार रहेको विभागले उल्लेख गरेको छ।

# इपिएस परीक्षा सञ्चालन गर्न प्रविधियुक्त भवन तयार

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** कोरियन भाषा परीक्षा सञ्चालनका लागि ललितपुरको भैंसेपाटीमा इपिएस भाषा परीक्षा भवन तयार भएको छ। नेपाल सरकार तथा कोरिया सरकारबीच भएको श्रम समझदारी (जिटुजी) अनुसार रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत कोरिया जाने नेपाली श्रमिकहरूका लागि कोरियन भाषा परीक्षा (इपिएस टोपिक) सञ्चालनका लागि युबिक्युसिअस बेस्ड टेस्ट बिल्डिङ तयार भएको हो । उक्त बिल्डिङ नेपाल र कोरिया सरकारको संयुक्त लगानीमा तयार भएको बताइएको छ ।

भाषा परीक्षा सञ्चालन गर्न तयार पारिएको उक्त प्रविधियुक्त भवन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याल र एचआरडी कोरियाका उपप्रमुख किम सङ जेले संयुक्त रूपमा भवन उद्घाटन गरेका छन्। उक्त कार्यक्रममा श्रमसचिव अर्यालले दुवै मुलुकले एकअर्को देशलाई विकास र उन्नतिका लागि गरेको सहयोगको उच्च प्रशंसा गर्दै इपिएसमार्फत २००८ देखि हालसम्म ८५ हजार नेपाली कामदार कोरिया पुगेको बताए ।

'तथ्यांकअनुसार हाल कोरियामा ४५ हजार कार्यरत रहेका छन् भने करिब ४० हजार नेपाली आफ्नो कार्यकाल सकेर नेपाल फर्किएका छन्,' उनले भने । कोरियाबाट फर्किएका नेपाली कामदारहरूले नेपालमा आफूले सिकेको ज्ञान र सीपको प्रयोग गरिरहेको सचिव अर्यालले वताए । साथै, प्रविधियुक्त भवनबाट कोरियन भाषा परीक्षा उच्च प्रविधियुक्त, मर्यादित, पारदर्शी, सुरक्षित, निष्पक्ष रहने विश्वास व्यक्त गरे । उनले दुई देशबीचको सम्बन्ध अझै सुदृढ र प्रभावकारी बन्न गई इपिएसमार्फत दक्षिण कोरिया जाने नेपाली श्रमिकहरूको संख्यामा वढोत्तरी हुने बताए ।

एचआरडी कोरियाका उपप्रमुख किमले नेपाल सरकार र कोरिया सरकारबीच भएको श्रम समझदारीअनुसार नयाँ भवनलाई अभिन्न अंगकोरूपमा लिएको बताए । उनले उक्त भवन सञ्चालनमा आएपश्चात् नेपालमा हुने इपिएस टोपिक परीक्षा निष्पक्ष, मर्यादित, विश्वसनीय एवं आधुनिक उच्च प्रविधियुक्त हुने बताए । उपप्रमुख किमले नेपालको उदाहरण दिँदै अन्य देशहरूलेसमेत आगामी दिनमा अनुसरण गर्नलायक भएको र नेपालबाट कोरिया भित्रिने नेपाली कामदारहरूको संख्या बढ्नुले दुवै देश लाभान्वित हुने विश्वास व्यक्त गरे । किमले नेपालबाट हाल इपिएसमार्फत कामदार छिटो छरितो एवं व्यवस्थित ढंगबाट पठाउने कार्य भइरहेकोमा खुसीसमेत व्यक्त गरे ।


## प्रेस विज्ञप्ति

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष तथा यस प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीको बारेमा प्रकाशित अनलाइन समाचारका विषयमा यस मञ्चको गम्भीर ध्यानाकर्षण भएकोले प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ ।**

१. करिब एक वर्ष पहिले नै वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई आधार बनाई प्रकाशित समाचार सत्यतथ्यको प्रकाशन गर्नुपर्ने सञ्चार संस्थाको व्यावसायिक मर्यादा विपरीत व्यक्तिको व्यक्तिगत इज्जत प्रतिष्ठामा आँच पुयाउने बदनियतले प्रकाशन गरिएको हो भन्ने मञ्चको ठहर रहेको छ ।

२. कुनै अमुख छापाखानामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट छापामारी वैदेशिक रोजगार व्यवसायीहरूलाई हतोत्साहित गराउने नियतले ५०औं फर्म तथा वैदेशिक रोजगार विभागबाट दिएको अनुमतिका सम्बन्धमा सोही विभागमा तत्कालीन महानिर्देशकको समेत अग्रसरतामा अभियोग दायर गरिएको विषय आफैंमा गैरकानूनी रहेकोले त्यसलाई कानूनसम्मत तरिकाले चुनैती दिई सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन पत्र दायर गरेको र सो को निराकरण अदालतसमक्ष विचाराधीन रहेकाले सो विषयलाई लिएर सार्वजनिकरूपमा प्रकाशन प्रसारण गर्नु न्यायिक परिपाटी विपरीत रहनेतर्फ यस मञ्च सदा सचेत रहेको छ ।

३. नेपालको संविधान, ऐन, कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा कुनै एक तहबाट भएको फैसला अन्तिम नभई त्यस फैसला उपर माथिल्लो तहमा पुनरावेदन गर्न सक्ने कानूनी अधिकारका रूपमा स्थापित तथ्य हो। आफ्नो सफाइ तथा न्यायका लागि सो बमोजिमको अधिकारको प्रयोग गरी सर्वोच्च अदालतमा पुनरावेदन गर्न संघका अध्यक्षलाई कानूनी अधिकार रहेकाले सम्मानित सर्वोच्च अदालतबाट अन्तिम फैसला नहुँदासम्म आफू नै न्यायाधीश जस्तो गरी कसैलाई पनि दोषी किटान गरी प्रकाशन गरिने समाचारले निष्पक्ष र तटस्थ न्यायिक मार्गलाई प्रभावित पार्ने विषयमा सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छौं ।

४. सम्मानित अदालतबाट हुने फैसलाहरूको सम्मान र पालना गर्न यस मञ्च सदासर्वदा तत्पर रहेको छ, तर स्वच्छ सुनुवाइको मार्ग प्रभावित पार्ने नियतले प्रकाशित गरिने समाचारप्रति यस मञ्च खेद प्रकट गर्दछ ।

५. वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसला बदर गरी पाउँ भनी राजेन्द्र भण्डारीले दर्ता गरेको पुनरावेदन सर्वोच्च अदालतमा विचाराधीन रहेको र अदालतमा विचाराधीन मुद्दाको विषयमा गलत र भ्रामक समाचार प्रकाशन प्रसारण गर्नु नेपालको कानून र स्वयं सम्मानित अदालतको मर्यादा र गरिमा विपरीत रहेको छ ।

६. समाचार संस्थाहरू सूचना जानकारीका प्रमुख स्रोत हुने भएकाले कुनै समाचार प्रकाशन गर्नु पूर्व त्यसको सत्य तथ्यसम्बन्धमा सम्बन्धित निकाय, पक्ष वा व्यक्तिसँग बुझी प्रतिक्रियासहित समाचारको प्रमाणीकरण (Verify) गरेमा तथ्य र समाचार थाहा पाउने पाठकहरूको अधिकारको पनि रक्षा हुने अवस्थामा समाचार (Verify) नगरी सम्बन्धित निकाय वा व्यक्तिसँग नबुझी एकपक्षीयरूपमा समाचार प्रकाशन प्रसारण गर्दा निहित व्यक्तिको स्वार्थ पूर्ति हुने भएपनि असान्दर्भिक र भ्रामक समाचार प्रकाशन प्रसारणले सम्बन्धित समाचार संस्थाको जनस्तरमा रहेको साख, विश्वसनीयता तथा प्रतिष्ठामा प्रतिकुल असर पर्ने भएकाले पनि यसतर्फ सम्बन्धित समाचार संस्था/सम्पादकहरूको पनि गम्भीर ध्यानाकर्षण गराइन्छ ।

**जनक रावल**
अध्यक्ष
**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल**
**Progressive Forum of Foreign Employment Agencies, Nepal**

# जीवनरक्षाका लागि कान्छी प्राध्यापकको अपिल



**काठमाडौं–** बुधबार विश्वभर अन्तर्राष्ट्रिय नारी दिवस मनाइरहेका बेला यसै अवसर पारेर एक प्राध्यापकले आफ्नो जीवनरक्षाका लागि सार्वजनिक अपिल गरेकी छन् ।

स्तन, डिम्बाशय, पेट, कलेजो र फोक्सोको क्यान्सरका विरुद्ध सात वर्षदेखि संघर्षरत प्रा.डा. उर्मिला प्याकुरेलले थप उपचारका लागि खर्च धान्न सक्ने अवस्था नरहेको भन्दै सहयोगका लागि सार्वजनिक अपिल गरेकी हुन् । उनी क्यान्सर लागेकै अवस्थामा अध्ययन अनुसन्धानलाई अगाडि बढाएर ३५ वर्षको उमेरमा विद्यावारिधि (पिएचडी) पूरा गरी ४१ वर्षको उमेरमा गत वर्ष त्रिभुवन विश्वविद्यालयको केन्द्रीय गणित विभागमा सबैभन्दा कान्छी उमेरकी प्राध्यापक बनेकी हुन् । प्याकुरेलले हालसम्मको उपचार खर्च अनुसन्धानबाटै जुटाउँदै आएकी छन् ।

सिन्धुपाल्चोकको कालिका गाउँमा सामान्य किसान परिवारकी प्राध्यापक प्याकुरेलले नेपाल र जर्मनीमा उपचारका क्रममा साढे चार करोड रूपैयाँभन्दा बढी खर्च गरिसकेकी छन् । तर, यति गर्दा पनि हालसम्म क्यान्सर पूर्णरूपमा निको भएको छैन । पूर्णरूपले क्यान्सर निको नभएपछि उनले अन्तिम विकल्पका रूपमा चिकित्सकको सुझावका आधारमा ‘ इम्युनो थेरापी’ सुरु गरेकी छन् । उनले हालसम्म ६४ चरणको किमो थेरापी, रेडियो थेरापीलगायतका उपचार गरिसकेकी छन् ।

उनका अनुसार इम्युनो थेरापी कम्तीमा एक वर्षसम्म गर्नुपर्छ । र, एक चरणको उपचारका लागि २१ दिनमा करिब चार लाख रूपैयाँ लाग्छ । ‘अहिले अनुसन्धानका लागि फेलोसिप पनि नपाएकाले खर्च जुटाउन गाह्रो भयो,’ प्रा.डा. प्याकुरेलले भनिन्, ‘सकेसम्म अरुको सहयोग लिने चाहना नभए पनि अब बाध्यता आइलागेको छ ।’ उनले महिलामा मात्र लाग्ने र निको हुने स्तन र पाठेघर तथा डिम्बाशयको क्यान्सरको पनि सुलभ उपचार नभएको गुनासो गरिन् ।

उनको अनुसन्धान गणितको व्यावहारिक प्रयोगबाट नेपालमा बढ्दो ट्राफिक समस्या समाधानमा केन्द्रित छ । उनी मधुश्री नामबाट साहित्य रचना पनि गर्छिन् । उनको विद्यावारिधिका निर्देशक त्रिभुवन विश्वविद्यालय गणित केन्द्रीय विभागका अध्यक्ष प्रा.डा. टंकनाथ धमलाले प्रा.डा. प्याकुरेल एक उत्कृष्ट अनुसन्धाता रहेको र उनका कृति र अन्तर्राष्ट्रिय सञ्जाल निकै सफल रहेको बताए ।

विद्यार्थीलाई सिकाउन र सधैँ अनुसन्धान गर्न उत्सुक र सक्षम रहने प्रा. प्याकुरेल अहिले पनि छ जना विद्यावारिधि र अरु स्नातकोत्तर तहका अनुसन्धानकर्ताहरूको शोध निर्देशक छिन् । प्रा.डा. धमलाले लागनशीलतामा अथक र नयाँ-नयाँ अवधारणकी धनी प्रा. प्याकुरेल लामो समयदेखि उपचारमा रहँदा पनि निडर, साहसी, आत्मविश्वासी युवा वैज्ञानिक रहेको भन्दै सहयोगका लागि अनुरोध गरे ।

त्यस्तै, तीन वर्षदेखि प्रा. प्याकुरेलको उपचारमा संलग्न प्रा.डा. राजेन्द्र बरालले प्रा. प्याकुरेललाई आत्मविश्वास र उपचारले बचाएको उल्लेख गरे । अहिलेको उपचार भने उनको अन्तिम विकल्प रहेको र यो निकै महँगो भएकाले सहयोगको अपिल गरे । प्रा.डा. प्याकुरेलका भाइ राजेन्द्र प्याकुरेलले निम्नवर्गीय परिवारको सदस्य भएर पनि दिदीले सानो उमेरमा नै शैक्षिक क्षेत्रमा उच्चतम सफलता प्राप्त गरेको र उनी परिवारको मात्र नभएर राष्ट्रकै गौरव भएको बताए ।

सात वर्षदेखि क्यान्सरलाई जितिरहेकी डा. प्याकुरेलको उपचारका लागि अन्तिम विकल्पका रूपमा इम्युनोथेरापी मात्र रहेको र उपचार अत्यन्त महँगो भएकाले आफूहरू सहयोगको अपिल गर्न बाध्य भएको उनको भनाइ छ । उनलाई सहयोग गर्नका लागि काठमाडौंको तीनकुनेस्थित सिद्धार्थ बैंकको उर्मिला प्याकुरेलका नाममा रहेको खाता नम्बर ०१७१५१६२७२१ मा रकम जम्मा गर्न सकिनेछ । *रासस*

प्रधानमन्त्री दाहालको घोषणा

# स्तन र पाठेघर क्यान्सरको निःशुल्क उपचार

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले पाठेघर र स्तनमा हुने क्यान्सरको शीघ्र पहिचान र उपचारलाई विशेष कार्यक्रमका रूपमा अघि बढाइने बताएका छन् । बुधबार यहाँ ११३औं अन्तरर्राष्ट्रिय श्रमिक महिला दिवसमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सातवटै प्रदेशमा स्तन र पाठेघरमा हुने क्यान्सरको निःशुल्क उपचारको व्यवस्था मिलाइने स्पष्ट पारे ।

‘सातवटै प्रदेशमा निसन्तान उपचार सेवा, वडास्तरमा नवजात शिशु स्याहार केन्द्रको स्थापना, महिलामा देखिने पाठेघरको क्यान्सर र स्तन क्यान्सरको शीघ्र पहिचान र उपचारलाई विशेष कार्यक्रमको रूपमा निःशुल्क सेवा विस्तार गरिनेछ,’ उनले भने, ‘पाठेघरको क्यान्सर रोकथामका लागि नौदेखि १३ वर्षका बालिकालक्षित एचपिभी खोप कार्यक्रमलाई देशव्यापी विस्तार गरिनेछ ।’

प्रधानमन्त्री दाहालले करिब ३४ प्रतिशत प्रजनन उमेर समूहका महिलामा देखिएको रक्तअल्पताको अन्त्य गर्न महिला लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेसमेत बताए । नेपालमा ‘लैंगिक समानताको बलियो आधार : सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार’ भन्ने राष्ट्रिय नाराका साथ यो दिवस मनाइएको भन्दै उनले महिला अधिकारका विषय समाजको आर्थिक तथा राजनीतिक प्रणालीसँग अभिन्नरूपमा गाँसिएको बताए ।

‘समाजमा महिला र पुरुषबीचको विभेद् र महिलामाथि हुने सबै प्रकारका शोषण र दमनको अन्त्य नहुँदासम्म समतामूलक समृद्ध समाजको निर्माण हुनसक्दैन,’ सम्बोधनका क्रममा प्रधानमन्त्री दाहालले भने, ‘शारीरिक तथा सामाजिक-सांस्कृतिक रूपमा महिलालाई कमजोर ठान्ने, महिलाको सामाजिक परिवेश खुम्च्याउने, महिलाले पुरुषसरह सामाजिक अस्तित्व धान्न सक्दैनन् भन्ने परम्परागत मान्यतालाई नेपाली भूमिमा चलेका जनयुद्ध तथा जनआन्दोलनमा महिलाले देखाएका वीरता र सौर्यका गाथाले गलत सावित गरिदिएको छ ।’

राज्यका सबै तहमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित हुन पुगेको, राष्ट्रपति र उपराष्ट्रपतिमा फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र उपाध्यक्षसम्मका पदमा महिला अनिवार्य हुनुपर्ने उपलब्धि हासिल भएको प्रधानमन्त्रीको भनाइ छ ।

# नारी दिवसमा निःशुल्क स्वास्थ्य शिविर

**काठमाडौं (प्रस)–** टोखा नगरपालिकाले ११३औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

नगरपालिकाले धापासी स्वास्थ्यचौकी र ग्रीनलाइफ हेल्थ केयरको प्राविधिक सहयोगमा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरेको हो । स्वास्थ्य शिविरको उद्घाटन गर्दै टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले महिला आन्दोलनबाट प्राप्त अधिकारलाई रक्षा गर्ने प्रमुख जिम्मेवारी महिलाकै भएको बताए । महिला आन्दोलनका कारण देशले महिला राष्ट्रपति पाएको उनको भनाइ थियो ।

‘मंगलादेवी सिंह, साहना प्रधानलगायतले नेपालमा महिला हकअधिकार रक्षाका लागि संघर्ष गरेको कारण अहिले देशका हरेक स्थानमा महिला सहभागिता बढेको छ,’ उनले भने । टोखा नगरपालिकाले स्वास्थ्य र शिक्षालाई निःशुल्क गर्नका लागि विभिन्न कार्यक्रम अगाडि सारेको उनको भनाइ थियो । टोखा नगरपालिकाकी उपप्रमुख मुरारी तामाङले महिला सशक्त भएमात्र देशको विकास हुने बताइन् ।

३३ प्रतिशत अधिकार महिला आन्दोलनका कारण प्राप्त भएको उनको भनाइ थियो । उपप्रमुख तामाङले नगरपालिकाभित्रका महिलाको निरन्तर स्वास्थ्य परीक्षण गर्ने बताइन् । ग्रीनलाइफ हेल्थ केयरका डा. क्षितिज सापकोटाले ग्रीनलाइफ हेल्थ केयरलाई सामुदायिक अस्पतालका रूपमा विकास गर्न लागिएको बताए ।

टोखा नगरपालिका वडा नं ७ का वडाअध्यक्ष नरोत्तम रानाले निःशुल्क स्वास्थ्य शिविरअन्तर्गत स्त्रीरोग विशेषज्ञ परामर्श, पाठेघर मुखको क्यान्सर जाँच, प्रयोगशाला जाँच, भिडियो एक्सरे र औषधि वितरण निःशुल्करूपमा गरिएको जानकारी दिए ।

## आज चुनिँदै...

पृष्ठ १ बाट जारी

नेपाल समाजवादी पार्टीले पनि उनलाई नै समर्थन गरेको छ ।

एमाले उम्मेदवार नेम्बाङलाई भने एमालेबाहेकका दलले समर्थन गरेको छैन । राष्ट्र प्रमुखको रूपमा राजा चाहिन्छ भन्ने दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राष्ट्रपति निर्वाचनमा तटस्थ बस्ने निर्णय गरेको छ । यो निर्णयसँगै राप्रपाले नेम्बाङ र पौडेलमध्ये कुनै उम्मेदवारलाई मतदान नगर्ने भएको छ । यसअघि उम्मेदवारी दर्ताका बेला पनि यो दलले समर्थक र प्रस्तावक दुवै नबस्ने निर्णय गरेको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने राष्ट्रपति निर्वाचनमा के गर्ने भन्नेबारे निर्णय गर्न आज बिहान बैठक बोलाएको छ । सहमहामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार बैठकले कुनै उम्मेदवारलाई मत दिने कि तटस्थ बस्ने भन्ने टुंगो लगाउनेछ ।

प्रदेशमा दुई जना र प्रतिनिधिसभामा एक जना गरी तीन जना सांसद रहेको नेपाल मजदुर किसान पार्टीले दुवै उम्मेदवारलाई मत नदिने भएको छ । प्रदेश र संघका स्वतन्त्र उम्मेदवारहरूले चाहिँ के गर्लान् ? मतदानको बेला मात्रै थाहा हुनेछ ।

प्रदेश सांसदको मतभार ४८ छ । संघीय सांसदको मतभार भने ७९ कायम छ । यस आधारमा ७९ मतभार भएका सांसदको संख्या ३३१ छ । ४८ मतभार भएका सांसदहरू ५५० जना छन् । यी सबै मतदाताले मतदान गर्दा मतभार ५२ हजार ३९१ हुन्छ । कम्तीमा २६ हजार १९६ मतभार प्राप्त उम्मेदवार राष्ट्रपति निर्वाचित हुने छन् ।

राष्ट्रपति/उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ अनुसार निर्वाचित हुन उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्छ । ५० प्रतिशत मत नपाएको अवस्थामा दोस्रो चरणको निर्वाचन हुने प्रावधान छ ।

दोस्रो निर्वाचनमा पनि ५० प्रतिशत कसैले ल्याउन नसकेमा पुनः मतदान हुनेछ र त्यसमा जसले कूल सदर मतको सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति हुनेछ ।

राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयले मतदान सकिएलगत्तै मतगणना कार्य सुरु गर्ने जनाएको छ । साँझ ७ बजेभित्र परिणाम घोषणा गरेर प्रमाणपत्र दिने तयारी भइरहेको सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माले जानकारी दिइन् । उनका अनुसार नयाँ राष्ट्रपतिलाई आगामी सोमबारको साइतमा कामयमुकाम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीबाट पद तथा गोपनीयताको शपथ ग्रहण गराउने पनि तयारी भइरहेको छ ।

यही २८ फागुनमा वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको पाँच वर्षे कार्यकाल सकिँदै छ । त्यसको ठीक पछिल्लो दिन मात्रै नयाँ राष्ट्रपतिले पद तथा गोपनीयताको शपथ ग्रहण गरेर पदभार सम्हाल्ने छन् । तर, निर्वाचित राष्ट्रपतिका लागि आजैदेखि सुरक्षा व्यवस्था मिलाउने तयारी प्रहरीले गरेको छ ।

तेस्रो राष्ट्रपतिका लागि चुनावी मैदानमा रहेका दुवै उम्मेदवार पूर्वसभामुख हुन् ।

# सामाजिक सञ्जालमार्फत बढ्दै छ हिंसा

**काठमाडौं (प्रस)–** पछिल्लो समय सामाजिक सञ्जालबाट पीडा भोग्नेहरूको संख्या बढ्दै गएको देखिएको छ । गैरसरकारी संस्था महासंघ नेपालले मंगलबार आयोजना गरेको ‘सूचना प्रविधि र महिला अधिकारका सवाल’ विषयक अन्तरक्रियामा सञ्चारकर्मी बबिता बस्नेतले पछिल्लो समय सामाजिक सञ्जालबाट हिंसा हुने गरेको तथ्य सुनाइन् ।

उनका अनुसार फेसबुक म्यासेन्जरबाट सबैभन्दा बढी ६२.३ प्रतिशत हिंसामा पर्ने गरेको देखिएको छ । त्यस्तै, फेसबुकबाट ६१.२ प्रतिशत हिंसा हुने गरेको छ । सामाजिक सञ्जाल ट्विटरबाट १५.३ प्रतिशत र ह्वाट्सएपमा १२.८ प्रतिशत र भाइबरमा ११.७ प्रतिशत हिंसा हुने गरेको छ । त्यसैगरी, इमेलमार्फत छ प्रतिशत र इन्स्टाग्राममार्फत ४.६ प्रतिशत हिंसा हुने गरेको छ । एकै व्यक्तिले फरक-फरक सामाजिक सञ्जाल प्रयोग गरेर हिंसा गर्ने गरेको बताइएको छ ।

सञ्चारकर्मी बस्नेतले नेपाल प्रहरीको साइबर ब्युरोमा परेको उजुरीलाई आधार मानेकी छन् । उनका अनुसार आर्थिक वर्ष २०७७/७८ मा जम्मा तीन हजार ४५१ उजुरी परेको छ । सोही आधारमा अन्य तथ्यांक संकलन गरिएको बस्नेतको भनाइ छ ।

त्यसैगरी, सबैभन्दा बढी बागमती प्रदेशमा सामाजिक सञ्जालमार्फत हिंसा हुने गरेको अध्ययनले देखाएको छ । २०७८ साउनदेखि कात्तिकसम्मको तथ्यांक हेर्ने हो भने नेपाल पुलिसको साइबर ब्युरोमा १३९ उजुरी परेको छ । त्यसैगरी, लुम्बिनीमा १३५, गण्डकीमा ११३, कोशी प्रदेशमा ७३, मधेस प्रदेशमा ५२, कर्णाली प्रदेशमा ४१ र सुदूरपश्चिमा सबैभन्दा कम २७ उजुरी परेको छ ।

सामाजिक सञ्जालहरूको प्रयोगमा तथा मोबाइल गेमहरू जस्ता कुरामा अत्यधिक लतमा परेका कारण नै हिंसा बढ्ने गरेको छ । सामाजिक सञ्जालको प्रयोगमा अपनाउनुपर्ने सुरक्षा तथा सावधानीको ज्ञान नहुँदा डिजिटल ठगीमा पर्नु अर्को चुनौती रहेको छ । हिंसाबाट सुरक्षित हुनका लागि प्रविधिसम्बन्धी शिक्षा आवश्यक रहेको उपप्राध्यापक रुकमिनी महर्जनले बताइन् । उनले सहभागितितामूलक एवं लैंगिकमैत्री सूचना प्रविधि हुनुपर्ने र नीति निर्माण पनि सहभागीतामैत्री हुनुपर्नेमा जोड दिइन् ।

# काठमाडौं प्लाजामा सर्दै काठमाडौं महानगर

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले नागरिकलाई सबै सेवा एकै स्थानबाट प्रवाह गर्ने गरी काठमाडौं प्लाजामा सर्ने अन्तिम तयारी गरेको छ ।

महानगरका अनुसार यही फागुनभित्र आवश्यक प्रक्रिया पूरा गरी नेपाल ट्रस्टसँग सम्झौता गर्ने तयारी भइरहेको छ । महानगरका सूचना अधिकारी वसन्त आचार्यका अनुसार महानगरमा विभिन्न १६ वटा विभाग छन् । ती सबै विभागले हाल दश स्थानबाट सेवा प्रवाह गरिरहेका छन् । यसरी धेरै स्थानबाट सेवा दिनुपर्दा कामपालाई समस्या भएको र नागरिकले पनि सास्ती खेप्नुपरेको भन्दै जतिसक्दो छिटो काठमाडौं प्लाजामा सर्ने तयारी गरेको हो ।

२०७२ सालको भूकम्प जानुअघि एकै स्थानबाट सेवा प्रवाह गरिरहेको महानगरको अहिले केन्द्रीय कार्यलय सुन्धारामा छ भने वातावरण विभाग टेकुमा, राजस्व विभाग बबरमहल, सहकारी विभाग बिजुलीबजार, शिक्षा विभाग ताहाचल, केही विभाग राष्ट्रिय सभा गृहमा गरी विभिन्न १० स्थानबाट सेवा प्रवाह गरिरहेको छ ।



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

फागुन २५ गते, बिहीबार

| | |
|---|---|
| मेष | अरुले आलोचना पनि गर्न सक्छन् । |
| वृष | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| मिथुन | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कर्कट | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| सिंह | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| कन्या | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| तुला | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| वृश्चिक | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| धनु | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| मकर | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| कुम्भ | असर पर्नसक्छ |
| मीन | परोपकारमा रुचि बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन २५ गते, २०७९, ९ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अन्तर्राष्ट्रिय महिला दिवस** | अन्तर्राष्ट्रिय महिला दिवसको दिन बुधबार बिहान मध्यपुर थिमि–४, शंखधर चोकमा सागसब्जी बेच्दै महिला । *तस्बिरः रत्न श्रेष्ठ⁄रासस*

# श्रमिक महिलालाई छुँदैन महिला दिवसले

■ **भेषराज बस्नेत**

**राँझा–** बाँकेको बैजनाथ गाउँपालिका–८ टिटिहिरियाका वुधी थारू प्रत्येक दिन कामको खोजीमा बिहानै नेपालगञ्जको रामवाग र आसपासको क्षेत्रमा पुग्छिन् । नेपालगञ्जको श्रमिक बजारमा उभिएर ज्यालादारी काम खोज्नु वुधीको दैनिकी हो । बुधबार ११३औं अन्तर्राष्ट्रिय महिला दिवसको दिन पनि उनी साथीहरूसँगै कामको खोजीमा थिइन् ।

'दिवस त ठूला मान्छेका लागि हो, हुनेखानेका लागि हो हामीलाई काम नै ठूलो हो, दिवस मनाएर के गर्ने ?,' नेपालगञ्जमा कामको पर्खाइमा रहेकी वुधीले भनिन्, 'दिवस भनेर जुलुसमा गयो भने त घरमा केटाकेटी भोकै हुन्छन् त्यसैले दिवस नमनाउने ।'

सहरमा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा प्रभातफेरी र सभाको तयारी भइरहँदा वुधी थारूजस्ता श्रमिक महिला कामको खोजीमा भौतारिरहेका थिए । उनीरूलाई प्रत्येक वर्ष तामझामका साथ मनाइने अन्तर्राष्ट्रिय महिला दिवसले छुनसकेको छैन ।

बर्दियाको राजापुरबाट मजदुरी गर्न नेपालगञ्ज आएकी लक्ष्मी थारू भन्छिन्, ' महिला दिवस मनाउन पाउने भाग्य भएको भए यहाँ किन काम खोज्दै हिँड्थ्यौं, काम पाइयोस्, ज्याला पाइयोस् यही नै हाम्रो दिवस हो ।'

नेपालगञ्जमा कामको खोजीका लागि प्रत्येक दिन महिला पुरुष श्रमिक लाइन लाग्ने गर्दछन् । लाइनबाटै काम र ज्यालाको समझदारी भएपछि कामका लागि उनीहरू सम्बन्धित क्षेत्रमा जाने गर्दछन् । आज अन्तर्राष्ट्रिय महिला दिवस भए पनि मजदुर महिलाको संख्यामा कुनै कमी थिएन । 'दिवसले खान लाउन दिँदैन, काम त खोज्नैपर्‍यो, खान बस्न पर्‍यो,' लक्ष्मीले भनिन्, 'दिवस मनाउने मनाउनुहुन्छ, हामीलाई दिवस मनाउने फुर्सद छैन ।'

यो वर्ष अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले कामको पर्खाइमा रहेका श्रमिक महिलाको स्वास्थ्य परीक्षण तथा दिवसबारे नेपालगञ्जमा जानकारी गराएको छ । श्रमिक महिलाको हक अधिकारबारे जानकारी गराउनाका साथै निःशुल्क स्वास्थ्य परीक्षण गरी सेनेटरी प्याड र मास्क वितरण गरिएको जिफन्ट राष्ट्रिय कमिटी सदस्य पूर्ण केसीले जानकारी दिए । उनका अनुसार नेपालगञ्जमा १०० भन्दा बढी श्रमिक महिलालाई स्वास्थ्य र श्रम अधिकारका बारेमा परामर्श दिइएको हो ।

अखिल नेपाल महिला संघकी केन्द्रीय सदस्य शान्ति ढकालले दिवसले वास्तविक श्रमिक महिलालाई समेट्न नसकेको स्वीकार गरिन् । दिवसलाई विनातयारी र औपचारिकतामुखी बनाइँदा पनि सम्बन्धित सरोकारवाला व्यक्ति नै छुट्ने गरेको उनको भनाइ छ ।

'यो कुनै दल, संगठन वा व्यक्तिले चाहेर हुने कुरा होइन, वास्तविक श्रमिक महिलालाई दिवस मनाउन सक्ने वातावरणको लागि दीर्घकालीन सोचका साथ योजना हुनुपर्दछ,' ढकालले भनिन्, 'अहिले स्थानीय सरकार, सामाजिक संघसंस्था र राजनीतिक दलका भ्रातृ संगठनले दिवसको मर्मविपरीत आफू अनुकूल कार्यक्रम गर्ने गरेका छन् ।'

मजदुर नेता पूर्णचन्द्र उपाध्याय वर्षमा एकपटक मनाइने दिवसले वास्तविक श्रमिक महिलालाई नछुने बताउँछन् । उनले दीर्घकालीन सोचका साथ नीतिगतरूपमा श्रमिक महिलाको हकहितलाई समेटेर कार्यक्रम ल्याउन सकेमात्र दिवस मनाउनुको औचित्य हुने उल्लेख गरे ।

खजुरा गाउँपालिकाकी उपाध्यक्ष मञ्जु मल्लले आफूले चाहँदा चाहँदै पनि सबै श्रमिक महिलालाई दिवसमा समेट्न नसकेको बताइन् । उनले आर्थिक कारणले पनि महिला विभेदमा परेको भन्दै उत्पादनमूलक काममा जोडिन महिलालाई आग्रह गरिन् । महिलाका सवालमा गाउँपालिकाबाट विभिन्न कार्यक्रममा बजेट विनियोजन भए पनि श्रमिक महिलाका तर्फबाट माग भई नआएकाले उनीहरूका लागि छुट्टै कार्यक्रम बनाउन नसकेको उपाध्यक्ष मल्लको भनाइ छ ।

नेपालगञ्ज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले वास्तविक श्रमिक महिलाहरू अझै पनि दिवसको अर्थ, महत्त्व र कार्यक्रमभन्दा बाहिर रहेको बताए । 'श्रमिक महिलालाई रोजगारको सुनिश्चितता, श्रमको उचित पारिश्रमिकलगायतका विषयमा यो दिवसले बोल्नुपर्ने हो तर त्यहो हुन सकेको छैन,' श्रेष्ठले भने, 'सबैखाले श्रम गर्ने महिलाले श्रमको उचित मूल्य पाउनुपर्नेमा सरोकारवाला सबैपक्ष लाग्नु पर्दछ ।'

हिजोभन्दा आज महिला दिवसको महत्त्व बढ्दै गएकाले यसलाई औपचारिकतामा मात्र सीमित राख्न नहुने सरोकारवालाको भनाइ थियो । *रासस*

# महिला सशक्तिकरण र क्षमता विकास सरकारको प्राथमिकतामा

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले महिला सशक्तिकरण र क्षमता विकास गर्ने सरकारको नीति रहेको बताएका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ११३औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आज आयोजना गरेको कार्यक्रममा उनले महिला सशक्तिकरण र विकासका लागि राज्यका तर्फबाट प्राथमिकता दिने स्पष्ट पारे ।



प्रधानमन्त्री दाहालले महिलाको प्रजनन स्वास्थ, शिक्षामा सुधार हुँदै गएको, सूचना प्रविधिलाई महिलामैत्री बनाउने र विदेशमा काम गर्न गएका महिलालाई सुरक्षित वातावरण बनाउने र समस्या भएमा सरकारले सहयोग गर्ने बताए । 'संविधान र कानुनले महिलाको हक अधिकारका लागि एतिहासिक महत्त्वपूर्ण व्यवस्था गरेको छ, स्थानीय तहदेखि राष्ट्रप्रमुखसम्म महिलाले नेतृत्व गरिरहेका छन्,' उनले भने, 'महिलालाई राजनीति, सामाजिक र आर्थिक अधिकारमा समानरूपले अघि बढेको छ ।'

प्रधानमन्त्री दाहालले संविधानले महिलाको हकलाई मौलिक हकमै व्यवस्था गरेको भन्दै नीतिगत, कानुनी र संरचना सुधार हुँदै आएको बताए । महिलाले शारीरिकरूपमा गर्न सक्दैन भन्ने कुरालाई महिलाले जनआन्दोलनदेखि आफ्नो क्षमता देखाएको उनले स्मरण गरे ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले एकता, संघर्ष र विजयको प्रतिकका रूपमा मनाउँदै आएको र महिलाको सम्मानजनक जीवनयापन गर्नका लागि राज्यले अधिकतम प्रयत्न गरिरहेको बताइन् । उनले संविधान र कानुनमा व्यवस्था भए पनि पैतृक सम्पत्तिमा व्यवहारिक रूपमा अघि बढाउन नसक्नु चुनौतीपूर्ण बनेको धारणा राखिन् । मन्त्री शर्माले पछिल्लो समयमा तीव्ररूपमा सूचना प्रविधिको विकास भए पनि त्यसको महिलाले सही रूपमा प्रयोग हुन नसकेको र प्रविधि महिलामैत्री बनाउनुपर्नेमा जोड दिइन् ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले महिला अधिकारको बहुआयामिक क्षेत्रबाट अध्ययन गरी महिलाविरूद्धका घटनाको उजुरी लिने, अनुगमन गर्ने र दोषीलाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको बताए । राष्ट्रिय महिला आयोगकी सदस्य विद्याकुमारी सिन्हाले आयोगले महिलाको हक, अधिकारको रक्षा गर्ने काम गरिरहेको बताइन् । महिला मन्त्रालयका विज्ञ सदस्य सविन श्रेष्ठले 'नेपालमा लैंगिक समानताको यात्रा' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा परराष्ट्र, न्याय, सुरक्षाको क्षेत्रमा महिलाको सहभागिता बढ्दै गएको उल्लेख छ । कार्यक्रममा शक्ति समूहको तर्फबाट हरेक क्षेत्रमा महिलाले काम गर्न सक्छन् भन्ने सन्देशमूलक नृत्य प्रस्तुत गरिएको थियो ।


**हिम रिभर पावर लिमिटेडको**
**वार्षिक साधारणसभा सम्बन्धी सूचना :**

प्रथम पटक प्रकाशित मितिः २०७९/११/२५

कम्पनी ऐन २०६३ बमोजिम संचालनमा रहेको लिमिटेड दर्ता नं. २९३७१६ रहेको यस **हिम रिभर पावर लिमिटेडको आ.ब. ०७८।७९को वार्षिक साधारणसभा (लिमिटेड कम्पनीमा परिणत पश्चातको पहिलो)** निम्न मिति, समय र स्थानमा तल उल्लेखित प्रस्तावहरु उपर छलफल गर्ने गरी बस्ने भनी संचालक समितिको बैठकको निर्णय अनुसार आव्हान गरिएकोले उपस्थितिका लागि **कम्पनीका शेयरधनीहरुको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन** गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान :**
**मिति :** २०७९।१२।१७ गते शुक्रवार
**समय :** बिहान ९:०० बजे
**स्थान :** कम्पनीको रजिस्टर्ड कार्यालय प्राङगण, काठमाडौं

**छलफलका प्रस्तावहरु :**
१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७८।७९ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७८।७९ को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र समर्थन गर्ने ।
३. आगामी आ.ब. ०७९।८० को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संचालक समिति गठन/निर्वाचन गर्ने सम्बन्धमा ।
५. विविध ।

(**पुनश्चः** निर्वाचन कार्यक्रम सम्बन्धमा निर्वाचन समितिले छुट्टै सूचना/कार्यतालिका प्रकाशित गर्नेछ)

**आज्ञाले,**
**कम्पनी सचिव**

**कम्पनीको नाम परिर्वतन उद्देश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०७९/११/२५**

यस कम्पनीको मिति २०७५/१०/१४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **सप्तभूमे इन्टरप्राइजेज प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **सप्तभूमे इन्टरप्राइजेज एण्ड बिल्डस प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सप्तभूमे इन्टरप्राइजेज एण्ड बिल्डस प्रा.लि.(प्रा.लि.नं.२००३२५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**गौतम स्टील इन्डष्ट्रिज प्रा.लि., विरगंज ३२ पर्सा, पब्लिक कम्पनी भएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : फाल्गुण २५, २०७९**

यस कम्पनीको मितिः माघ २१,२०७९ मा सम्पन्न पाँचौं वार्षिक साधारण सभाको निर्णय अनुसार साविक **गौतम स्टील इन्डष्ट्रिज प्रा.लि.**मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (**प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड**) ले व्यहोंने गरी मितिः २०७९/११/११ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट परिवर्तित नाममा स्वीकृति प्राप्त भएकाले सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जनउद्धार सेवा समिति टेकु, पचलीको सूचना**

यस समितिको निर्वाचन प्रयोजनको लागि विशेष साधारण सभा यहि मिति २०७९/१२/१८ गते शनिबार बिहान ११:०० बजेदेखि समितिको कार्यालयमा पचली टेकुमा हुन गइरहेको हुंदा सूचनालाई आमन्त्रण मानि उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्कः ९८५१०११४४०, ९८४९८९३८६५**

**जगदम्बा स्टील्स लि. को**
**प्रथम वार्षिक साधारण सभा बस्ने सूचना**

साविकमा जगदम्बा स्टील्स प्रा. लि. रही मिति २०७९/०३/३० मा लिमिटेड कम्पनीमा परिणत भएको यस जगदम्बा स्टील्स लि. को मिति २०७९/११/०८ मा बसेको संचालक समितिको निर्णय अनुसार यस लि .को पहिलो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थानः
मिति : २०७९/१२/०१ गते बुधबार (तदनुसार १५ मार्च २०२३) ।
समय : बिहान ११:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।

छलफलका विषयहरुः
क. सामान्य प्रस्तावहरुः
१. संचालक समितिको आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०७८/०७९ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५. लाभांश वितरण गर्ने सम्बन्धमा ।
६. स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।
ख. विशेष प्रस्तावहरुः
१. संचालकहरुको पारिश्रमिक र भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
२. कम्पनी ऐन, २०६३ को दफा ९३ अन्तर्गतका कारोबारहरु पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।
३. कम्पनीको जगेडा तथा संचित मुनाफा समेतबाट संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर प्रदान गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारी गरे पश्चात जारी तथा चुक्ता पूँजीमा हुने वृद्धिलाई समावेश गरी शेयरलगत प्रमाणित गरी लिने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
४. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
५. कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजी वृद्धीलाई समेत समावेश गरी संचालक समितिको प्रस्ताव वमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
६. कम्पनीको प्रबन्धपत्र तथा नियमावली वमोजिम सर्वसाधारणमा जारी गरिने भनी छुट्याईएको शेयरहरु प्रिमियम मुल्यमा प्रारम्भिक सार्वजनिक निश्काशन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
७. कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम बैंक ऋण अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
८. संचालक समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
ग. विविध

संचालक समितिको निर्णय अनुसार
कम्पनी सचिव

JAGDAMBA STEEL®

श्री कृष्ण तेल मिल, महाङ्कालद्धारा श्री कृष्ण तेल मिल स्थापना तथा संचालन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति : २०७९/११/२५**

बागमती प्रदेश, ललितपुर जिल्ला, महाङ्काल गाँउपालिका वडा नं. ५ मा श्री कृष्ण तेल मिल, महाङ्कालद्धारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | कृष्ण बहादुर के.सी. (तिमल्सिना)<br>श्री कृष्ण तेल मिल, महाङ्काल गा.पा. वार्ड नं. ५, ललितपुर, बागमती प्रदेश |
| **प्रस्तावकको व्यहोरा** | महाङ्काल गाँउपालिका वडा नं. ५, चन्दनपुर अर्न्तगत पर्ने मा १५ रोपनी र १४ आना (८०७६.१३ वर्ग मिटर) क्षेत्रफ़लको निजी दर्ता आवादीमा १४३.८६ वर्ग मिटरमा बनेको एक तल्ले ईट्टा र जस्ताको भवनमा श्री कृष्ण तेल मिल स्थापना तथा संचालन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | जिल्ला ललितपुर, श्री महाङ्काल गाँउपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणालीहरु बिच के-कस्तो सकरात्मक तथा नकरात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको वडा समिति, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले वातावरण नियमावली २०७७ नियम ७ (२) बमोजिम यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**प्रस्तावकको नाम र ठेगाना :**
कृष्ण बहादुर के.सी. (तिमल्सिना)
श्री कृष्ण तेल मिल, महाङ्काल गा.पा. वार्ड नं. ५, ललितपुर, बागमती प्रदेश
सम्पर्क नं. : ९८४१५०३८७५

**परामर्शदाता नाम र ठेगाना :**
पूर्वाधार इन्जिनियरीङ्ग सोलुशन प्रा.लि.
धापाखेल-२३, ललितपुर, बागमती प्रदेश
ईमेलः purvadharengg@gmail.com
सम्पर्क नं. : ९८६२०२२८४९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## नयाँ राष्ट्रपतिको पर्खाइ

मुलुकले आज नयाँ राष्ट्रपति पाउँदै छ। तेस्रो राष्ट्रपति चयनका लागि आज हुने निर्वाचनबाट नयाँ राष्ट्रपति चुनिने भएको हो। राष्ट्रपति चयनका लागि फागुन १३ मा उम्मेदवारी दर्ता भएको थियो, जसमा दुई जनाको उम्मेदवारी पऱ्यो। आठदलीय गठबन्धनबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेबाट सुवासचन्द्र नेम्बाङ राष्ट्रपतिका उम्मेदवार छन्। आजको मतदानबाट पौडेल र नेम्बाङमध्ये एक जना मुलुकको तेस्रो राष्ट्रपति बन्ने छन्।

देशको राष्ट्रप्रमुखको हैसियतमा राष्ट्रपति रहन्छ। संविधानतः कार्यकारी भूमिकामा छैन। आलंकारिक पद भए पनि राष्ट्रपतिमा दलहरूको मोह बढेको देखिन्छ। यसको कारण वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वराष्ट्रपति रामवरण यादवका केही विवादास्पद कदम हुन्। लगातार दुई कार्यकाल राष्ट्रपति बन्ने अवसर पाएकी भण्डारी पटक-पटक विवादमा तानिरहिन्। आफ्नो पूर्वपार्टी एमालेको सरकार हुँदा जति सरकारका लागि सहज थिइन् उनी अन्य दलको सरकारप्रति कठोर देखिइन्। विभिन्न विधेयक प्रमाणीकरण गर्ने सवालमा उनको भूमिका विवादास्पद बनेको हो। एमाले अध्यक्ष केपी शर्मा ओलीले दुई पटक संसद् विघटन गर्दा रोक्ने प्रयाससमेत उनले गरिनन्। तर, कांग्रेस नेतृत्वको सरकारले प्रमाणीकरणका लागि पेस गरेको नागरिकतासम्बन्धी विधेयक तथा अन्य विधेयकलाई समेत रोकेर उनले दलीय पक्षधरता देखाएकी हुन्। संविधानको रक्षकको भूमिकामा रहेको राष्ट्रपतिले निष्पक्ष भूमिका निभाउन नसक्नु दुर्भाग्यपूर्ण हो। भण्डारीको तुलनामा यादव कम विवादित बनेका थिए।

राष्ट्रपति चयनमा दलहरूबीच तीव्र प्रतिस्पर्धा देखिएको छ। यसपटकका उम्मेदवारद्वय दुवैजना पूर्वसभामुख हुन्। राजनीतिकरूपमा अनुभवी र खारिएका व्यक्तित्व हुन् दुवै। यस हिसाबले आजको निर्वाचनबाट दुईमध्ये जो राष्ट्रपतिमा चुनिए पनि मुलुकले अनुभवी राष्ट्रपति पाउने निश्चित भएको छ। यद्यपि, राष्ट्रपति चयनका लागि यसबीचमा भएका राजनीतिक हर्कतहरू भने निकै असुहाउँदो थियो। प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपति चुनावकै लागि गठबन्धन परिवर्तन गरे। विदेशी शक्ति राष्ट्रले समेत यस प्रक्रियामा चासो देखाए। आफ्ना दूतहरूलाई खटाएर स्वार्थअनुकूलका व्यक्तिलाई राष्ट्रपति बनाउन दबाब दिने कामसमेत भएको देखियो।

राष्ट्रपति पद आलंकारिक भए पनि राष्ट्रप्रमुखको हैसियत र गरिमा महत्त्वपूर्ण छ। यसलाई जोगाउन पनि राष्ट्रपति निर्वाचनलाई निष्पक्ष बनाउन जरुरी छ। दलहरूको आफ्नो जेसुकै स्वार्थ भए पनि राष्ट्रपतिलाई निष्पक्ष भूमिकामा रहन दिनुपर्छ। अब निर्वाचित हुने राष्ट्रपतिले पनि आफ्नो निष्पक्ष भूमिकालाई बिर्सनु हुँदैन। राष्ट्रपतिका दुवै उम्मेदवारलाई शुभकामना !!

## मननयोग्य

### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ। तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,' हाँसी चाणक्यले भने। मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो। अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने।

'तर तपाइृको देश अहिले पनि जीवितै छ। पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन्। तिनीहरू तपाईलाई बोलाउँदैछन्। म आफू महामात्य बन्न सक्दिनँ। अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु।

'अब चाणक्यको साधना पूर्ण भयो। आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ। यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ। दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन्। यस्तो मेरो विश्वास छ। यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन्। जसरी भारतवर्ष र युनान सम्बन्धी भए।' क्रमशः

# राजनीतिक परिदृश्य, चुलिँदो ध्रुवीकरण र क्रमभंगता



निर्मल आचार्य

> कुनै पनि परिवर्तनमा तीनवटा कुरा निर्णायक रहेको हुन्छ- नेतृत्व, नीति र आन्दोलन। नेतृत्व, नीति र आन्दोलनको सही समायोजनबाट नै परिवर्तन सम्भव हुने हो। कतै नेतृत्व स्वीकार्दै गर्दा आन्दोलन र उपलब्धि अस्वीकार भने कतै उपलब्धि स्वीकार्दै गर्दा नीति र नेतृत्व अस्वीकार गर्ने यो अवस्था आउनुलाई पनि धेरै अस्वाभाविक मान्न सकिन्न। यसमा मानवीय स्वभावले काम गरेको हुन्छ। स्वामित्वको प्रश्नप्रधान बन्छ र यो अवस्था आउँछ। नेतृत्व अस्वीकारको प्रश्नलाई राजनीतिक तहसम्म रहँदा स्वाभाविकै मान्न सकिन्छ। तर, जब यो अस्वीकारोक्तिले आपराधिक रूप लिन खोज्दछ, तब परिस्थिति जटिल बन्दछ।

अहिले नेपाल पुनः राजनीतिक ध्रुवीकरणमा जान लागेको हो कि भन्ने आभाष भएको छ। लामो ऐतिहासिक पृष्ठभूमि भएको नेपालमा विभिन्न कालखण्डमा विभिन्न खाले ध्रुवीकरण हुँदै आएका छन्। ध्रुवीकरण र परिवर्तनको एक अर्कोसँग अन्योन्याश्रित सम्बन्ध हुन्छ। ध्रुवीकरणले एक प्रकारले क्रमभंगताको प्रतिनिधित्व गर्दछ। क्रमभंगताका लागि निश्चित क्रमको निर्धारण भएको हुनुपर्दछ। स्थापित क्रमप्रति स्पष्ट धारणाविनै नेपाली राजनीतिमा एक प्रकारको ध्रुवीकरण देखापर्नुलाई सुखद मान्न सकिँदैन।

लामो समय सामन्ती युगबाट गुज्रिएको नेपालको राजनीतिक विकासक्रम स्वाभाविक रेखामा अगाडि बढ्न सकेको देखिँदैन। सामन्तवादको प्रतिनिधित्व सामन्ती राजतन्त्रले गर्दछ। सिद्धान्ततः सामन्तवादभन्दा पुँजीवादलाई केही हदसम्म प्रगतिशील मान्न सकिन्छ। सामन्तवादलाई पुँजीवादले विस्थापित गर्नुपर्ने हो। यो भयो सामान्य सिद्धान्तका कुरा।

अस्वाभाविकरूपमा नेपाल ५० को दशकसम्म समन्तवादको चंगुलमा रह्यो। यसै पृष्ठभूमिमा २०४६ सालको जनआन्दोल सुरु भयो। प्रारम्भमा विभिन्न असहमतिका बाबजुद २०४६ सालको जनआन्दोलन सफल रह्यो भनेर मानिएता पनि त्यो निकट भविष्यमा नै असफल सावित भयो। आन्दोलनपछि प्रशस्त मात्रामा उद्योग कलकारखाना खुल्नुपर्दथ्यो। मालिक र मजदुरको उल्लेख्य वृद्धि हुनुपर्दथ्यो। तर, भयो उल्टो, भएका उद्योग कलकारखाना बन्द हुन पुगे, बेरोजगारीको संख्यामा उल्लेखनीय वृद्धि भयो। अनियमितता बढ्यो। ढिलासुस्ती, भ्रष्टाचार, राजनीतिक स्खलनमा व्यापक वृद्धि भयो। विगतमा कहिल्यै नसुनिएका राजनीतिक विकृतिहरू सुनिन थाले।

जनप्रतिनिधिहरूका विषयमा जे-जस्ता आरोपहरू लाग्न थाले त्यो विगतमा कहिल्यै सुनिएको थिएन। सडकमा बगेका सहिदका रगतका टाटाहरू यथावत् थिए। अस्पतालका शयचाहरूमा घाइतेहरू छट्पटाइरहेका थिए। आन्दोलनका सहादत हुने घरमा अभाव र गरिबी चुलिँदै गइरहेको थियो। स्थापित उद्योग कलकारखानाहरू एकपछि अर्को बन्द हुँदै गइरहेका थिए। एकपछि अर्को राष्ट्रघाती कदमहरूका समाचार आइरहेका थिए। जनताका दैनिकी झन् पछि झन् विकराल बन्दै गइरहेको थियो। जनप्रतिनिधिहरू एकपछि अर्को विकृतिमा डुब्दै गए। बडो विडम्बना, जनताले सडकमा आदोलन गरिरहँदा, बलिदान दिइरहँदाको उत्साह एक दशक नबित्दै पूरै निराशामा परिणत भयो।

वि.सं. २०४६ को आन्दोलन र उपलब्धिलाई नै सामन्तवाद विरोधी आन्दोलनको उत्कर्ष मान्ने एउटा दृष्टिकोण रह्यो। तर, व्यवहारमा कतै पनि त्यस्तो देखिएन। एउटा पनि कलकारखाना थपिएन। पुँजीको विकास कतै पनि देखिएन। सामन्तवादी संस्कार यथावत् रह्यो। जनताका समस्या ज्यूँका त्यूँ रहे। आर्थिक असमानताको स्तर अझै बढेर गयो। नसोचेको संख्यामा नवधनाढ्यहरूको संख्या थपियो।

सो आन्दोलनबट पुँजीवादी आन्दोलनले प्राप्त हुनसक्ने उपलब्धि हासिल हुन नसकेको निष्कर्ष पनि सँगसँगै विद्यमान रह्यो। यो विचारमा उल्लिखित विकृतिले थप मलजल गऱ्यो। जनतामा विस्तारै असन्तोषको लहर पैदा हुन थाल्यो। विस्तारै दूरदराजमा जनताको विद्रोह देखिन थाल्यो। एकातिर जनता सिटामोल खान नपाएर प्राण त्याग गरेको समाचार आउने र अर्कोतिर अस्पतालहरूमा करोडौंको भ्रष्टाचार खबर आउने अवस्था बन्यो। यही पृष्ठभूमिमा सुरुआतबाटै परिवर्तनलाई अस्वीकार गर्ने धारणा सही साबित हुँदै गयो। यही दोस्रो धारणाको प्रबलताका कारण २०५२ सालमा पुनः अर्को राजनीतिक आन्दोलनको सुरुआतको आधार बन्यो। गाउँगाउँमा विस्तारै विद्रोह हुन थाल्यो।

स्थानीय सामन्त र गरिब जनताको बीचमा अन्तरविरोध बढ्दै गयो। राज्यले जनताको होइन सामन्तको साथ दिन थाल्यो। दूरदराजका जनताले राज्यलाई दुस्मन देख्ने अवस्था आयो। यही पृष्ठभूमिमा फेरि अर्को आन्दोलनको सुरुआत भयो। उक्त आन्दोलनले सशस्त्र रूप लियो। यति छिट्टै यो अवस्था आउनु पक्कै पनि सुखद अवस्था होइन। तर, राज्य थप जिम्मेवार बन्नुको साटो थप निरंकुश बन्दै गयो। हामी एक दशक युद्धका कहालिलाग्दो अवस्थाबाट गुज्रियौं।

परिस्थिति परिपक्व बन्दै गयो। नेतृत्वले सुझबुझ देखाए। करिब एक दशकको कष्टसाध्य युद्ध राष्ट्रिय सहमतिका साथ एउटा निष्कर्षमा पुग्ने अवस्था आयो। सेना समायोजन भयो। बन्दीहरू रिहा भए। सम्पत्ति फिर्ता भए। जनयुद्धमार्फत गरिएको विद्रोहले सार्थता पाउने अवस्था आयो। विस्तृत शान्ति सम्झौता भयो। देशमा संविधान बन्यो।

वि.सं. २०५२ मा सुरुआत भएको सशस्त्र जनयुद्धको जगमा जागेको जनआन्दोलनको लहरबाट प्राप्त उपलब्धिका बरेमा पनि समान धारणा नहुनुलाई स्वाभाविक नै मान्न सकिन्छ। कसैको खाइपाइ आएको वंशाणुगत अधिकार खोसिएको छ। गरिब जनतामा चेतनाको लहर फैलिएको छ। मान्छेमान्छे एउटै हो नि भन्ने धारणा स्थापित भएको छ।

पैतृक राजनीतिक अधिकार खोसिएकाहरू बेखुस हुनुलाई स्वाभाविक मान्न सकिन्छ। समाजमा छुवाछूतलगायतका विकृतिलाई स्वाभाविक मान्नेहरू केही समय नयाँ अभ्यासमा अभ्यस्त नहुँदासम्म बेखुसी हुने कुरालाई पनि अन्यथा नलिन सकिन्छ। महिलालाई दोस्रो दर्जाको देख्नेहरू बानी नपर्दासम्म बेखुस हुने कुरालाई पनि बुझ्न सकिन्छ। असमान वितरणमा तर मार्न पल्केकाहरू बेखुसी हुनुलाई पनि अस्वाभाविक नमान्न सकिएला। तर, वर्षौंदेखि जनतामा गणतन्त्रको सपना बाँड्नेहरू पनि बेखुस हुनुलाई स्वाभाविक मान्न सकिन्न।

वि.सं. २०५२ मा जनताले सुरु गरेको जनयुद्धको जगमा भएको १२ बुँदे सम्झौता र त्यसको बलमा उठेको जनलहरको बलमा प्राप्त उपलब्धि सामान्य छैनन्। नेपाली राजनीतिमा यी उपलब्धिको रणनीतिक महत्त्व रहेको छ। संविधानसभाबाट संविधान बन्नु आफैंमा एउटा युगान्तकारी परिघटना हो। सामन्तवादी एकात्मक व्यवस्थाको ठाउँमा संघीय गणतन्त्र, परम्परागत संसदीय व्यवस्थाको ठाउँमा सामावेशी लोकतन्त्र, परम्परागत हिन्दू राज्यको ठाउँमा धर्मनिरपेक्ष राज्यलगायतका विषय र मुद्दाहरू संविधानमै संस्थागत हुनु पछिल्ला राजनीतिक उपलब्धिहरू हुन्।

समाजमा जहिले पनि एउटै घटना र वस्तुलाई हेर्ने फरक-फरक धारणा रहेको हुन्छ। यसलाई अस्वाभाविक मान्नु हुँदैन। संविधानमा लिपिबद्ध उपलब्धिका बारेमा पनि समान धारणा खोज्नु आदर्शवाद हुन्छ। नेपालको संविधान-२०७२ का बारेमा सर्वस्वीकार्यताको प्रसंगलाई पनि यही द्वन्द्वात्मक तरिकाले नै हेर्नुपर्ने हुन्छ।

नेपालको संविधान-२०७२ लाई हेर्ने मूलतः तीन दृष्टिकोण छन्- पहिलो सबैथोक हो भन्ने, दोस्रो केही होइन भन्ने र तेस्रो केही हो तर अझ प्रगतिशील बनाउन पर्दछ भन्ने। तर, अन्तर्यबाट नियाल्दा अव्यक्त असन्तुष्टि पनि यथावत् देखिन्छ। त्यो असन्तुष्टिको मात्राको मापन केले गर्ने र मानक के हुने ? अहिलेको चुरो बहसको विषय यसैको वरिपरि रहेको छ। एउटा शक्ति यो संविधान पूर्णतः लागू गर्नेमा लागिपरेको देखिएको छ। संविधानमा लिपिबद्ध मौलिक अधिकारप्रति पूर्णप्रतिबद्ध देखिन्छ। संविधानमा व्यवस्था भएअनुसार तीनै तहको सरकारलाई बलियो र जनउत्तरदायी बनाउन प्रतिबद्ध रहेको छ। अर्को शक्ति अकर्मण्यतामै छ। मौलिक अधिकार, समावेशिताको सिद्धान्तमा अलमल देखिन्छ। एउटा सानो शक्तिले सामन्ती राजतन्त्रलाई नै गुहारिरहेको छ।

कुनै पनि परिवर्तनमा तीनवटा कुरा निर्णायक रहेको हुन्छ- नेतृत्व, नीति र आन्दोलन। नेतृत्व, नीति र आन्दोलनको सही समायोजनबाट नै परिवर्तन सम्भव हुने हो। कतै नेतृत्व स्वीकार्दै गर्दा आन्दोलन र उपलब्धि अस्वीकार भने कतै उपलब्धि स्वीकार्दै गर्दा नीति र नेतृत्व अस्वीकार गर्ने यो अवस्था आउनुलाई पनि धेरै अस्वाभाविक मान्न सकिन्न। यसमा मानवीय स्वभावले काम गरेको हुन्छ। स्वामित्वको प्रश्नप्रधान बन्छ र यो अवस्था आउँछ। नेतृत्व अस्वीकारको प्रश्नलाई राजनीतिक तहसम्म रहँदा स्वाभाविकै मान्न सकिन्छ। तर, जब यो अस्वीकारोक्तिले आपराधिक रूप लिन खोज्दछ, तब परिस्थिति जटिल बन्दछ। आन्दोलनको उपलब्धि स्वीकार गर्छु तर आन्दोलन गर्ने नीति, नेतृत्व र आन्दोलन स्वीकार्दैन भन्ने अवस्थालाई सहज मान्न सकिँदैन। यहाँ या नीति, नेतृत्व, आन्दोलन र उपलब्धि सबै स्वीकार गर्नुपर्ने हुन्छ या त सबै अस्वीकार।

अहिले नेपाली राजनीतिमा आन्दोलन र उपलब्धिलाई स्वीकार्दै गरेको भ्रम पैदा गरेर आन्दोलनको उपलब्धिलाई नै समाप्त पार्ने, सकारात्मक रूपको प्रयोग गरेर नकारात्मक परिणाम निकाल्ने जुन प्रयत्न हुँदै छ, यसलाई यहाँ विरोधाभाषपूर्ण अवस्था भन्न खोजिएको हो। सफलताको झिनो परिकल्पना पनि गर्न सकिँदैन तर पनि प्रत्यक्षरूपमा सामन्तवादको पृष्ठपोषणलाई एउटा विचार मान्नलाई सकिएला। उनीहरूका अस्वाभाविक हर्कतलाई प्रजातन्त्रको सुन्दर पक्ष भानेर केही समय सहन सकिएला।

संविधानप्रद्धत्त अधिकारसम्म सहन सकिएला। तर, गणतन्त्रको दुहाई दिँदै अन्तर्यमा गणतन्त्रलाई समाप्त गर्ने विचारलाई कुनै विचार मान्न सकिँदैन। यो विचार होइन, षडयन्त्र हो। षडयन्त्र कुनै विचार वा वाद होइन। यसले कुनै सकारात्मक परिणाम निकाल्दैन। षड्यन्त्र आतंकवादको जननी हो। जति धेरै षड्यन्त्र हुन्छ, त्यति नै धेरै समाज विखण्डनको खतरा रहन्छ। आतंकवाद र विखण्डनको बाटोबाट कुनै मुलुक सफल भएको छैन। ध्रुवीकरणले क्रमभंगताको माग गर्दछ। अहिलेको परिवर्तनको क्रमलाई कुन शक्तिले कसरी बुझेको र कसरी व्यवस्थापन गर्न चाहन्छ यसको पर्दा चाँडै नै खुल्नेछ। पर्दा पछाडि बसेर षड्यन्त्र गर्ने दिन अब गए। *रासस*

## पत्र-मञ्जुषा

### लगामविनाको राजनीति

हरेक बाजाको ताल हुन्छ। तर, देशका नेताहरूको ताल भने बेतालको छ। त्यो पनि बेसूरको। राणाशासन गयो। पञ्चायत गयो। प्रजातन्त्र आए पनि गणतन्त्र आए पनि न्याय/अन्याय थाहै छैन। आखिर हुनेखानेकै राज भयो। जोसँग पैसा छ, ऊसँग गुण्डा र पहुँचवाला हुन्छ। घुम्दै फिर्दै रुम्जाटार भनेजस्तै प्रपञ्चको जाल भएको छ नेपालको राजनीति।

आचारसंहिता त बहानामात्रै हो। देशको माया नभएको जनताको रगतले होली खेलेको देशको अस्तित्व बिगार्ने अनि प्रजातन्त्रको नाउँमा जनताहरू धुरुधुरु रुवाउने काम कहिल्यै छोड्दैनन्। शोषक सामन्तहरू स्वार्थमा लागेर देश बन्धक राख्ने एक नम्बरको सक्कली अनुहार होइन।

बौद्ध धर्ममा आधारित धर्मपथ किताबमा दिउँसो लालटिन बालेर मान्छेहरू कहाँ छ भनेर हिँडेको घट्ना आज आएर पुँजीवादी पार्टीको भागबण्डाले देखाउँदै छन्। धनसम्पत्ति ऐश्वर्य राजकाज सम्हाले पनि नांगै नाचे हजार दाउ। एक्कासौं शताब्दीमा आएर स्वर्गजस्तो नेपालमा लाज, नियम, नेता नभएकोले, गुरुवर्ग नचिनेको कारणले गन्तव्यमा पुग्न गाह्रो हुन्छ।

पानी भनेको प्राण हो। प्राणीलाई र जनतालाई माया नगर्ने साँधसँधियार नगर्ने प्रधानमन्त्री हुनै सक्दैन। संसद् भनेको खसीको टाउको देखाएर सुँगुर, बंगुर, बूढी बाखाको मासु बिक्री गर्ने थलोजस्तो भयो। कसले कसलाई उचाल्ने, कसले कसलाई पछार्ने।

२०५८ सालको दरबार हत्याकाण्डजस्तो देखापर्न आयो। प्रचण्ड भनेको मणि नभएको माओवादी जस्तो भयो। नजरलाई आँखा पनि भनिन्छ। आँखा चछुछु पनि हो। दृष्टि पनि हो। सके बुद्धको वाक्य सुनेर बस्नु, सके नागदेव भएर बस्नु। भेडाबाखा भएर होइन।

नागरिकता विधेयक पास गर्ने होइन। सारा जनताले राजनीतिक आधार प्रधानमन्त्री प्रचण्डमाथि छ। देशलाई कुन ठाउँमा लैजाने, कुन ठाउँमा पुऱ्याउने हो। मणि भएको माओवादी हो भने प्रचण्डलाई राम्रो शुभकर्मले धैर्यताको बत्ती बालेर सोच बदल्न जरुरी छ। आमा काखबाट पहिलो शिक्षा प्राप्त हुन्छ। हजारौं देशभन्दा एक देश राम्रो मान्नुपर्छ। लाज नभएपछि नरपशु हुन्छ तर हिजो दिनमा प्रचण्डलाई धकु लगाएर लात्ती हानेको हुनाले निच भावनाका साथ आएका कांग्रेस पनि नरपशुसमान छ। हिजोको दिनमा प्रचण्डलाई थुकेको तर आजको दिनमा त्यही थुकलाई चाटेको पाइयो। कांग्रेस विधिको शासन भन्छ, त्यो कहाँ गयो ? अनुशासन कहाँ गयो ? संसारमा कहीं नभएको जात्रा हाडिगाउँमा भएजस्तो।

लाज नभएको राजनीति संस्कार नभएको राजनीति ठहरिन्छ। कुण्डकुण्ड पानी, मुण्डमुण्ड बानी, छण्डछण्ड वाक्यले जनतालाई वाक्क दिक्क बनाइसक्यो। फरफर कलंकको झण्डा उड्यो, गठबन्धनको गन्ध संसारभरि फैलियो। यो कंगालको काम कांग्रेसले गऱ्यो। गठबन्धनले बुद्धिजीवी वर्ग पनि चिनेन। आमाबाबु पनि चिनेन। सहिदहरू पनि चिनेन, वीर गोर्खालीहरूको गाथा पनि चिनेनन्।

देख्नलाई आँखा चाहिन्छ। बस्नलाई हावापानी चाहिन्छ। त्यस्तै आदर्श मित्रता पनि चाहिन्छ। जहाँ गए पनि आमाबुबाको आशीर्वाद खाँचो छ भनेजस्तै जनताको न्यानो माया चाहिन्छ। आफ्नो देशमा आगो लगाएर नामर्द कठपुतली नबनोस्। जसको सिङ छैन उसैको नाम तीखे भनेझैं विवेक नभएपछि इज्जत प्रतिष्ठा गुम्छ। नेतृत्व बिग्रिएपछि बाँदरको हातमा नरिवल भएजस्तो हुन्छ। त्यसैले दुईवटा डुंगामा खुट्टा नराख्नू। कहिले एमाले, कहिले कांग्रेस... द्वैत चरित्रको काम नगर्नू।

- *तुल्सीनारायण लाखेमरु*
*जगाती, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**
prabhabdailynews@gmail.com
facebook.com/prabhab online




**प्रभातफेरीमा सहभागी** | ११३औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा बुधबार पर्वतको मोदी गाउँपालिकामा निकालिएको प्रभातफेरी । *तस्बिरः लक्ष्मीप्रसाद सापकोटा/रासस*

### विश्वकै अग्लो स्थानमा नारी दिवस

# जलवायु परिवर्तन र महिला अधिकारबारे छलफल

**खुम्जुङ (सोलुखुम्बु)–** प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानामगरले महिलाहरू जलवायु परिवर्तनको असरको सिकार बनेको बताएकी छन् । सामाजिक संस्था साथसाथै र खुम्बुपासाङल्हामु गाउँपालिकाको संयुक्त आयोजनामा खुम्जुङमा बुधबार आयोजित कार्यक्रममा उनले आफूले खुम्बु क्षेत्रको पदयात्रा गर्दा जलवायु परिवर्तनकै कारण महिलाहरूले धेरै समस्या भोगेको देखेको भन्दै राज्यले नीतिगतरूपमै हिमाली भेगमा जलवायु अनुकूलनका कार्यक्रमको व्यवस्था गर्ने बताइन् ।

'यहाँको कृषि, स्वास्थ्य र पर्यापर्यटनमा निकै नै प्रभाव परेको देखियो, अब यसको समाधानमा सिंगो राज्य लाग्नुपर्छ, त्यसको पहलकदमी म गर्छु,' उपसभामुख रानामगरले भनिन् ।

बुधबार ११३औं अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा विश्वको सर्वोच्च शिखर सगरमाथा अवस्थित खुम्बुपासाङल्हमु-४ खुम्जुङमा सम्पन्न कार्यक्रममा पूर्वपरराष्ट्रमन्त्री तथा राष्ट्रिय सभा सदस्य विमला राई पौडयालले खुम्बु क्षेत्रका महिलाले भोगेको समस्या देशकै प्रतिनिधिमूलक भएको बताइन् ।

उनले महिला स्वास्थ्य, कृषि र पर्यटनमा जलवायु अनुकूलनका कार्यक्रम ल्याउन माथिल्लो सदनमा आवाज उठाउने धारणा राखिन् । 'वर्षौंदेखि हिमाली भेगको वातावरण झेल्दै आइरहेका हिमाली भेगका महिलाहरूको अहिलसम्मको भोगाइ, सिकाइ तथा अनुभव राज्यका लागि नीति निर्माणको आधार बन्न सक्छ,' उनले भनिन्, 'म नीति-निर्माण तहमा यहाँको वातावरण र पर्यावरण जोगाउने विषयमा जोडदार कुरा उठाउँछु ।'




जलवायुविज्ञ डा. माधव कार्कीले नेपालको जलवायु परिवर्तनको नीतिमा नै जलवायु परिवर्तनसम्बन्धी महिलाहरूको अधिकार सुनिश्चित गरेको उल्लेख गरे । डा. कार्कीले हिमाली क्षेत्रमा पानी आपूर्तिमा गम्भीर समस्या हुनुका साथै बेमौसममा उच्च तापक्रमका कारण हिउँ पग्लेर हिमाल आरोहणमा पनि समस्या सिर्जना हुने बताए । उनले जलवायु अनुकूलनको कार्यक्रममा महिलाको अर्थपूर्ण सहभागिता आवश्यक रहेको विचार व्यक्त गरे ।

आयोजक संस्थाकी अध्यक्ष प्रजिता कार्कीले जलवायु परिवर्तनसम्बन्धी आगामी वर्ष युएईको दुबईमा हुने अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) मा नेपालले पर्वतीय मुद्दामा नेतृत्वका साथ यस क्षेत्रका उजागर गर्नुपर्ने बताइन् । हिमाली मुद्दामा सिंगो राज्यको प्राथमिकता पर्नुपर्ने उनको जोड छ ।

कृषि मन्त्रालयकी सहसचिव सवनम शिवाकोटीले मन्त्रालयले हरेक स्थानीय तहमा जलवायु अनुकूलनका लागि कार्यक्रम सञ्चालन गरिरहेको र आगामी दिनमा पनि नीति परिमार्जन गर्दै लैजाने बताइन् । गाउँपालिका उपाध्यक्ष टासील्हामु शेर्पाले स्थानीय सरकारले वातावरण संरक्षण र पर्यावरणको पक्षमा उल्लेख्य काम गरेको भन्दै सगरमाथा विश्वकै सम्पत्ति रहेकाले यस क्षेत्रको सरंक्षणमा सबैको ध्यान जानुपर्ने बताइन् ।

अभियन्ता सरु श्रेष्ठले जलवायु परिवर्तनका चुनौती सामना गर्न सक्षम बनाउन अन्तर्राष्ट्रिय समुदायबाट सहयोग खोज्न पहल गर्ने, हिमालय र तल्लो तटीय क्षेत्रमा जलवायु परिवर्तनका चुनौतीमा विश्वव्यापी ध्यान आकर्षित गराउने आफूहरूको लक्ष्य रहेको बताइन् ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले हिमाली भेगमा हिउँ पर्न छाडेको विषय र यहाँका महिलाहरूले भोगेको सवाल आमसञ्चारको प्राथमिकतामा पर्नुपर्ने धारणा राखे । सो अवसरमा खुम्बु महिला समूहका अध्यक्ष तथा प्रतिनिधिहरूले आफूहरूले पिउने पानी, स्वास्थ्य र पर्यावरणीय समस्या झेल्नुपरेको भन्दै राज्यको खबरदारी गरेका थिए ।

कार्यक्रममा नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) राजदूतावासको विशेष सहयोग तथा नेपालको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युएनडिपी, इसिमोड, राष्ट्रिय प्रकृति संरक्षण कोष, खुम्बुपासाङल्हमु गाउँपालिकालगायत संघसंस्था र निकायको सहकार्य रहेको थियो । *रासस*

# महिलाको नेतृत्व, महिलाकै सहभागिता

**बलेवा–** प्रायः विकास निर्माणका काममा महिलालाई कम प्राथमिकतामा राखिन्छ । ज्यालामा विभेद र अवसरमा कम सहभागितासँगै विकास निर्माणका काममा पनि समस्या छन् । तर, महिलाले नै नेतृत्व गरेका योजनामा भने महिला सहभागिता उल्लेख्य भएको पाइएको छ । बागलुङको जैमिनी नगरपालिका-१० राङखानी न्वाराघाटदेखि सिर्जनाटोल जोड्ने पदमार्ग निर्माणमा महिलाको उत्साहपूर्ण सहभागिता छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत तीन लाख ९२ हजार ९६६ को लागतमा आकर्षक पदमार्ग तयार गरिएको हो ।

राङखानीको पर्यटकीय क्षेत्र हात्तीढुंगा जोड्ने लक्ष्यका साथ निर्माण गरिएको पदमार्गले स्थानीयवासीलाई पैदल यात्रामा सहजता थपेको छ । विशेषगरी बर्षात्का समयमा साँघुरो गोरेटोमा यात्रा गर्दा चिप्लने डर थियो । साना बालबच्चालाई हिँड्न निकै कठिन रहेको गोरेटोलाई सुधार गरी चाक्लो, सिँढी र सोलिङ गरी पैदलमार्ग तयार गरेको न्वाराघाट सिर्जना टोल पदमार्ग उपभोक्ता समितिका अध्यक्ष खिमकुमारी थापाले जानकारी दिइन् ।

उक्त पदमार्ग निर्माणपछि हात्तीढुंगासँगै मन्दिर जाने धार्मिक पर्यटकलाई पनि सहयोग पुगेको छ । उक्त पदमार्ग निर्माणका लागि उपभोक्ता समिति गठन गर्न भेला बोलाउने, बैठक सञ्चालन तथा बैठकमा निर्णय लेख्नेदेखि उपभोक्ता समितिको नेतृत्व र विकास निर्माणमा कामदारको रूपमा स्थानीय महिलाको सहभागिता थियो । उपभोक्ता समितिमा सबै महिला सदस्य मात्रै छन् । पदमार्ग निर्माण गर्दा पनि कामदार महिला नै थिए ।

विशेषगरी सोलिङ र सिँढी निर्माण गर्न स्थानीय दुई/तीन जना सिपालु पुरुषले सहयोग गरे पनि पैदलमार्ग चाक्लो बनाउने, खोलामा ढुंगा फोड्ने, छपनी निकाल्ने, ढंगा बोक्ने तथा सिँढी र सोलिङ गर्न पनि महिलानै अघि बढेको अध्यक्ष थापाको भनाइ छ । 'हामीले ढुंगा फोड्न घन पनि हान्यौं, छिनो पनि समात्यौं,' अध्यक्ष थापाले भनिन्, 'महिलाले अवसर पाए विकास निर्माणको काम पनि गर्न सक्छौं ।' यो वर्ष सिपालु पुरुष कामदारसँग सिँढी चिन्ने काम सिकेको हुँदा आगमी वर्ष अझै सहज हुने उनको भनाइ छ ।

पदमार्ग निर्माणमा छ जना महिला कामदार खटिएका थिए । प्रधानमन्त्री रोजगार कार्यक्रमले व्यक्तिगत क्षमता विकाससँगै दैनिकी चलाउनसमेत सहयोग गरेको समितिकी सचिव राधा रानाले बताइन् । घरमा बसेर फेसबुक र टिकटकमा दिन काट्नुभन्दा दुई-चार पैसा हुने काम गाउँमै पाउँदा खुसी लागेको रानाको भनाइ छ । 'बर्खामा मौसमी काम पाइन्छ, हिउँदमा कठिन थियो,' रानाले भनिन्, 'रोजगार कार्यक्रम आएपछि घर व्यवहार चलाउन सजिलो भएको छ ।'

उक्त समूहका सदस्य प्रधानमन्त्री रोजागार कार्यक्रम सञ्चालन भएदेखि निरन्तर कामदारको रूपमा खटिँदै आएका छन् । जैमिनी नगरपालिकाले यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत १२ वटा योजना सञ्चालन गरेको छ । १२ योजनामध्ये छ योजनाको नेतृत्वमा महिला रहेको रोजगार संयोजक सुरेश पुनले बताए । महिला नेतृत्वमा रहेको योजनामा तोकिएको समयमै काम सम्पन्न भएको संयोजक पुनको भनाइ छ । उनीहरूले दैनिक ६५६ रूपैयाँ पारिश्रमिक पाउँछन् । *रासस*

**गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२५**

यस लोकेश्वर सामुदायिक वन उपभोक्ता समूहको वनबाट स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०७६/०७७ मा उतपादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल र अन्य जात समेत गरी जम्मा गोलिया थान १४९ को १४०७.५० घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मु.अ.क.मा दर्ता भएका र डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.) मा सुचिकृत भएका वन पैदावार सम्वन्धी कारोवार गर्ने इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनी (साल वसाली नविकरण भएको) ले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिः २०७९/११/२३ ले २१ औं दिन भित्र लोकेश्वर सामुदायिक वन उपभोक्ता समूह, सुनवल न.पा. वडा नं. ७, चारपाला र डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.) बाट बोलपत्र खरिद गरी २२ औं दिनको ३.०० बजे सम्म प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री लोकेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल न.पा. वडा नं. ७, चारपाला, नवलपपरासी (व.सु.प.)**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना !सूचना !! सूचना !!!**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री अरुण ओभरसिज प्रा.लि.**(ई.प.नं.९३) ले यस विभाग समक्ष ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०७८/१०/१० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग भए बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**कतारमा रोजगार** AMERICAN KITCHEN, QATAR, DOHA पुनः विज्ञापन
पुर्व स्विकृति मितिः २०७८।६।११ चलानी नं. ६०१६४००७ LT No. 24652।

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | कामम दक्ष | 1100 | 39660 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | निःशुल्क |
| 2 | Labourer | 1 | 0 | | 1000 | 36054 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ चैत्र २ गते (16 March 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

**कतारमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : UNIQUE FITWELL TRADING & SERVICES
पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No.282337 चलानी नं. ६०१९७७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker (Female) | 0 | 2 | 1200 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : NINE ONE CAFE TO SERVE DRINKS
पूर्व स्वीकृति मितिः २०७९/११/२३ LT . No. 282144 चलानी नं. ६०१९७७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

**शौर्य सिमेन्ट इण्डष्ट्रिज लि. को प्रथम वार्षिक साधारण सभा बस्ने सूचना**

साविकमा शौर्य सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. रही मिति २०७९/०३/३१ मा लिमिटेड कम्पनीमा परिणत भएको यस शौर्य सिमेन्ट इण्डष्ट्रिज लि.को मिति २०७९/११/०८ मा बसेको संचालक समितिको निर्णय अनुसार यस लि. को पहिलो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०७९/१२/०१ गते बुधबार (तदनुसार १५ मार्च २०२३) ।
समयः दिनको ०२:३० बजे ।
स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।

**छलफलका विषयहरूः**
क. सामान्य प्रस्तावहरूः
१. संचालक समितिको आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०७८/०७९ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संस्थापक शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।
ख. विशेष प्रस्तावहरूः
१. संचालकहरूको पारिश्रमिक र भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
२. कम्पनी ऐन, २०६३ को दफा ९३ अन्तर्गतका कारोबारहरू पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।
३. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
४. कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजी वृद्धीलाई समेत समावेश गरी संचालक समितिको प्रस्ताव वमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
५. कम्पनीको पूँजीको संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्र तथा नियमावली वमोजिम सर्वसाधारणमा जारी गरिने भनी छुट्याईएको शेयरहरूलाई संशोधन गरी प्रिमियम मुल्यमा प्रारम्भिक सार्वजनिक निश्काशन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
६. कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम बैंक ऋण अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
७. संचालक समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
ग. विविध

संचालक समितिको निर्णय अनुसार
कम्पनी सचिव

शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड

# प्रभाव दैनिक

बिहीबार, २५ फागुन २०७९ (Thursday, March 09, 2023)


रूपशाला

## 'पशुपति प्रसाद २ : भष्मे डन' को अधिकार ओएसआरलाई

फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' को डिजिटल अधिकार ओएसआरले किनेको छ। छायांकन प्रारम्भ नहुँदै फिल्मको डिजिटल अधिकार ९५ लाख रूपैयाँ तिरेको ओएसआरका ओम अग्रवालले बताए। दीपेन्द्र के खनालको निर्देशन रहने फिल्ममा विपिन कार्की, स्वस्तिमा खड्का र सौगात मल्ल लगायतको मुख्य भूमिका रहेको छ। फिल्मलाई आउँदो वर्षको दशैंमा रिलिज गर्ने तयारी गरिएको छ। फिल्म निर्देशक खगेन्द्र लामिछानेले निर्माण गर्न लागेका हुन्। फिल्मको कथा 'पशुपति प्रसाद' जहाँ अन्त्य भएको थियो, त्यहीँबाट सुरू हुने बताइएको छ। काठमाडौंको पशुपतिनाथ क्षेत्र वरपर छायांकन हुने फिल्ममा 'पशुपति प्रसाद' मा हनुमानको क्यारेक्टर निभाएका कलाकार रविन्द्र सिंह बानियाँको पनि मुख्य भूमिका रहनेछ।



# अभिनेत्री सुरक्षा पन्त र मानव सुवेदीबीच इन्गेजमेन्ट



■ प्रभाव संवाददाता

**काठमाडौँ–** अभिनेत्री सुरक्षा पन्त र अभिनेता मानव सुवेदीबीच इन्गेजमेन्ट भएको छ। बुधबार आयोजित एक समारोहकाबीच पन्त र सुवेदीको इन्गेजमेन्ट भएको हो। जसको जानकारी अभिनेत्री पन्तले सामाजिक सञ्जालमार्फत तस्बिर शेयर गर्दै दिएकी छन्। तस्बिरका साथ उनले लेखेकी छन्, 'आजबाट नयाँ अध्याय सुरु हुँदैछ। हामी धेरै खुसी छौं। आशीर्वाद दिनुहोला।'

पन्त र सुवेदीको बिहीबार चितवनको सौराहामा विवाह समारोह आयोजना हुँदैछ। विवाहमा दुबैतर्फका नजिकका साथीभाई, आफन्त सहभागी हुनेछन्। दुबैले विगत ६ वर्षदेखिको प्रेमलाई विवाहमा परिणत गर्न लागेका हुन्। पन्तले इन्गेजमेन्टको तस्बिर सार्वजनिक गरेपछि सामाजिक सञ्जालमा उनलाई बधाई तथा सफल दाम्पत्य जीवनको शुभ-कामना मिलिरहेको छ।

# सारंगीको कीर्तिपुर घराना

■ शान्ता आचार्य

**कीर्तिपुर–** हजुरबुबा कान्छा मगर नेपाली र बा रामशरण नेपाली तथा त्यसअघिका दशौँ पुस्ता। श्याम नेपालीको परिवारले सारंगी रेट्दै नेपाली संगीतको सेवा गरिरहेको छ। त्यतिमात्र होइन, नयाँ पुस्ता अर्थात छोरा प्रिन्सले समेत सारंगीका तारहरूमा हात चलाएर संगीतकै जीवनवृत्ति सुरु गरिसके।

आधुनिक सुगम संगीत र लोकप्रिय गीतहरूभन्दा फरक छ श्याम नेपालीहरूले बिताउन खोजेको सांगीतिक लय। देशका विभिन्न भागमा प्रेम, वीरता, वेदनाका कथा बोक्ने सारंगीको धुनलाई गन्धर्वहरूले निकै अघिदेखि जोगाउँदै आएका छन्। यही संगीत परम्पराको डोरोलाई अहिलेको समयसँग समेत जोडेर व्यापक बनाउने ठूलो अभियान छ नेपालीको।

यसै अभियानलाई 'सारंगीको कीर्तिपुर घराना' नामबाट अगाडि बढाउँदै हुनहुन्छ श्याम नेपाली। घरानाका रूपमा अघि बढाउने निष्कर्षमा पुग्नुको कारक भने फ्रान्सलगायत संसारका विभिन्न स्थानमा पुग्दा भेटिएका आफ्ना पुर्खाको संगीत साधनासम्बन्धी सामग्री हुन्। सारंगीलाई चिनाउन विश्वका विभिन्न देश पुगेका श्यामलाई कतिपय स्थानमा पुग्दा त्यहाँका कतिपय संस्थाले उल्टो उहाँलाई आफ्ना पुर्खाको योगदानबारे चिनाइदियो। आफ्ना हजुरबुबाले राजा महेन्द्रसामु प्रस्तुत गरेको सारंगी वादन अरबाजा र त्यसैताका यसबारे गरेका थुप्रै खोज श्यामले फ्रान्सको लुभ्र संग्रहालयमा पाए। नर्वे घुम्ने बाबु रामशरण नेपाली र कीर्तिपुरमै लामो समय बिताएका झलकमान गन्धर्वका बारेमा ओस्लो विश्वविद्यालयमा गरिएको शोधपत्र भेटे।

त्यस्ता कुरा भेटेपछि श्याम नेपाली आफ्ना पुर्खाले सयौँ वर्ष लगाएर विकास गरेको मौलिक सारंगी धुनलाई सकेसम्म उस्तै रूपमा संरक्षण गर्नुपर्ने निष्कर्षमा पुगे। 'हजुरबुबा र बाले बजाएका धुनभन्दा अहिलेका धुन निकै फरक हुँदा रहेछन्। उनीहरूकै सन्तति मेरा समेत सारंगी वादनमा आधुनिकताले छोएको कुरा उहाँहरूको वादन राम्ररी सुन्न थालेपछि थाहा पाएँ', उनको अनुभूति छ।

पुर्खाले संगीतमार्फत समाचार भन्थे। आजका सञ्चारमाध्यमले जसरी कर्खामार्फत कुनै घटनाको कहिले राजाका कामको वयान त कहिले जनताका वेदना, कहिले युद्धको विवरण सारंगी रेट्दै घटनालाई प्रस्तुत गर्ने जमाना थियो त्यो। त्यसलाई खोजेर जगेर्ना गर्नुपर्ने दायित्व संगीतप्रेमीहरूको भएको उनको भनाइ छ। तर यस्तो खोजबिनको काम धेरैको प्राथमिकतामा नपर्ने तर कसैले मेहनतपूर्वक खोजेर ल्याएको वस्तुलाई विभिन्न ढंगले प्रयोग गर्नचाहिँ खोज्ने प्रवृत्ति रहेको उनी बताउँछन्। 'बोटबिरुवा रोप्न, गोडमेल गर्न र मल हाल्न धेरै जना अघि नै सर्दैनन्। फल पाकेपछि भने सबैलाई त्यही मन पर्छ', उनी भन्छन्।

जे होस्, आफ्नो क्षेत्रबाट हुनसक्ने जति खोज गरेर कीर्तिपुर घरानाको विकास गर्ने र त्यसको पहिचानलाई अगाडि बढाउने सोच उनको छ। यसका लागि आफू र संगीतमै लागेका छोरा प्रिन्सले पहल गरिरहेको पनि उनले बताए। छोराले पुर्ख्यौली संगीत शैलीलाई आनीछोइङ डोल्मा र न्ह्यू बज्राचार्यसँगको सहकार्यबाट केही आध्यात्मिकपन दिँदै गएका छन्।

त्यसो त सारंगीलाई 'ए यो त गन्धर्व बाजा हो' भन्ने र हरेक दिन त्यस्तै टिप्पणीबाट होच्याउने र निरुत्साहित गर्ने प्रवृत्ति छ। आफू काठमाडौँवासी हुँदासमेत त्यस्तो व्यवहार हुन्छ भने गाउँतिर त झन् कस्तो होला ? उनको प्रश्न छ। गन्धर्व गीत भनेर हेपिएपछि राम्रा धुनहरू भने चोरीसमेत हुने गरेको अनुभव उनको छ। 'ए दाजु न समाऊ नारीमा..., भन्ने गीतको नक्कल गरियो, जसको सिर्जना हाम्रा पुर्खाले सारंगी रेटेरै गरेका थिए', उनको भनाइ छ। सम्पदाका रूपमा रहेका मौलिक धुनलाई संरक्षण गर्नेभन्दा पनि पाएमा त्यसका व्यापारिक उद्देश्यका साथ प्रयोग गर्ने प्रवृत्ति हावी रहेको उनको निष्कर्ष छ।

सारंगीलाई चिनाउन संसारका विभिन्न ठाउँ पुग्ने क्रममा हार्डवर्ड विश्वविद्यालयमा एक वर्ष बिताए नेपालीले। विश्वविद्यालय र त्यसअन्तर्गतका कलेजहरूमा नेपाली मौलिक बाजा, यसको धुनबारे फरक पृष्ठभूमिबाट आएका र नेपाल कहिल्यै नदेखेका लाई समेत सारंगीबारे बताउने अवसर पाए। आफ्नो त्यही अभियानमा छोराहरूको समेत साथ पाएका छन्।



आफूले विकास गर्न र फैलाउन चाहेको कीर्तिपुर घराना भने सयौँ वर्ष अघिदेखि कीर्तिपुरमा बसेर पुर्खाले विकास गरेको धुनलाई सकेसम्म त्यसको मौलिकता बचाएरै आधुनिक युगसँग परिचित गराउने अभियान भएको भनाइ उनको छ। 'पोखरा, प्युठान र भोजपुरजस्ता ठाउँमा बज्ने सारंगीभन्दा फरक छ, कीर्तिपुरको सारंगी वादन', उनी थप्छन्। धुनमात्र नभई त्यसले बोक्ने शब्दसमेत अर्थपूर्ण र इतिहास बोक्ने खालका छन्। तिनलाई दोहोरीको भाकाजस्तो आफूले चाहेको शब्द हालेर गाउन नसकिने उनी बताउँछन्।

प्रकृति र इतिहास, पोखरामा बज्ने सारंगीको धुनमा गाइने गीत र कीर्तिपुरमा आफ्ना बाबुबाजेले गाउने गरेको गीतमा मुख्य दुई भिन्नता पाउँछन् श्याम नेपाली। आफ्ना पुर्खाले सारंगी रेट्दै गाएको गीतमा तत्कालीन शासक र व्यवस्थाभित्रका कथाव्यथा बढी भेटिने र पोखरातिरका गीतमा भने प्रकृतिको वयान भेटिने पनि उनी बताउँछन्। गन्धर्वहरूलाई गाउनका लागि निश्चित स्थान तोकिदिने र त्यसवापत जग्गा जमिन दिने चलनसमेत कुनै बेला थियो। त्यतिबेला छोराबाट नाति, नातिबाट पनाति हुँदै पुस्तान्तरण हुँदा एउटा विशेष शैलीको सारंगी वादन सिर्जना भएको छ। त्यसैलाई कीर्तिपुर घरानाको नाम दिइएको पनि उनी बताउँछन्।

उतिबेला घराना नभनिए पनि आफ्नो परिवारले बजाउँदै आएको सारंगी वादन थुपै लोकप्रिय गीतमा प्रयोग भएको जानकारी उनी दिन्छिन्। उदाहरणका लागि श्यामले बजाएको कर्ण दासको 'पुरानो डुंगा...पानीको छाल...", बोलको गीतमा प्रयोग भएको सारंगीको धुन। आनीछोइङको फूलको आँखामा....फूलै संसारमा पनि सारंगी प्रयोग भएको छ। 'त्यस्ता थुप्रै गीतमा कीर्तिपुर घरानाको धुन बजेको छ', उनी भन्छन्। त्यतिमात्र नभई विभिन्न एफएमका जिंगल र एनसेलको धुनमा समेत कीर्तिपुर घरानाको सारंगी बजेको छ।

आफूभन्दा अघि पिताले त्यतिबेलाको चर्चित लोकगीत 'घरबेटी नानी आँगनमा देऊ न मलाई बास ...' बोलमा पनि कीर्तिपुर घराना बजेको छ। एउटा परिवारले पुस्तौँ संगीत अभ्यास गर्दा विकास भएको शैलीलाई घरानाको रूप दिएर नेपाली संस्कृतिमा एउटा आयाम थप्न खोजेको उनको भनाइ छ। यसलाई अगाडि बढाउन आफूले सकेसम्म प्रयास गर्ने उनी बताउँछन्। *रासस*

## रंगशाला

**सहिद स्मारक 'ए' डिभिजन लिग**

# सातदोबाटोको दोस्रो जित

### मनाङ मर्स्याङ्दी र हिमालयको पहिलो जित



■ प्रभाव संवाददाता

**काठमाडौँ–** सहिद स्मारक 'ए' डिभिजन लिगको बुधबारको खेलमा मनाङ मर्स्याङ्दी, हिमालयन शेर्पा र जावलाखेल युथ क्लब विजयी भएका छन्। सबै टिमले दोस्रो खेल खेलिरहेकोमा मनाङ र हिमालयनले पहिलो जित निकालेका हुन् भने जावलाखेलले लगातार दोस्रो जित निकालेको हो।

राजधानीमा सम्पन्न खेलमा कीर्तिमानी आठ पटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबले सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा पहिलो जित निकालेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधबार संकटा क्लबलाई १-० गोल अन्तरले हराउँदै मनाङले पहिलो जित निकालेको हो। मनाङको जितमा उज्वेकिस्तानका विंगर सेदजामोल दाभ्लातजोनोभले निर्णायक गोल गरे।

उनले खेलको ५४ औं मिनेटमा गोल गरेका थिए। डिबक्स बाहिरबाट उनले प्रहार गरेको बल संकटाका गोलकिपर टिकेन्द्र सिंह थापाले पन्च गरेपनि पोस्टको जाली चुमेको थियो। त्यसअघि खेलको १९ औं मिनेटमा संकटाका सुनिल श्रेष्ठको प्रहार मनाङका डिफेन्डर प्रवेश कुँवरले गोललाइनबाट जोगाएका थिए। जितसँगै मनाङले २ खेलमा ४ अंक जोडेको छ। मनाङले पहिलो खेलमा हिमालयनसँग बराबरी खेलेको थियो। संकटाको यो पहिलो हार हो। संकटाले पहिलो खेलमा आर्मीसँग बराबरी खेलेको थियो। संकटाले २ खेलमा १ अंक जोडेको छ। त्यसैगरी हिमालयन शेर्पा क्लबले नेपाल पुलिस क्लबलाई १-० गोलअन्तरले हराउँदै प्रतियोगितामा पहिलो जित निकालेको हो। हिमालयनको जितमा डिफेन्डर अमृत श्रेष्ठले निर्णायक गोल गरे।

अमृतले खेलको इन्जुरी समयमा गोल गरेका थिए। जुन गोल हिमालयनको जितमा निर्णायक बन्यो। त्यसअघि ३२ औं मिनेटमा हिमालयनका फरवार्ड निशान सुब्बा पेनाल्टीमा गोल गर्न चुकेका थिए। उनको प्रहार पुलिसका गोलकिपर शत्रुघन चौधरीले रोकेका थिए। पुलिसका डिफेन्डर अजित भण्डारीले हिमालयनका अबायोमी ओलुवासेनलाई पेनाल्टी क्षेत्रभित्र लडाएपछि हिमालयनले पेनाल्टीको अवसर पाएको थियो।

जितसँगै हिमालयनले २ खेलमा ४ अंक जोडेको छ। पहिलो खेलमा हिमालयनले मनाङ मर्स्याङ्दी क्लबसँग १-१ गोलको बराबरी खेलेको थियो। पुलिसको यो लगातार दोस्रो हार हो। पुलिसले २ खेलमा अंक जोड्न सकेको छैन। पहिलो खेलमा पुलिसलाई चर्च ब्वाइजले हराएको थियो। त्यस्तै च्यासल मैदानमा भएको खेलमा सातदोबाटो युथ क्लबले विभागीय टोली एपीएफ क्लबलाई १-० ले हराउँदै लगातार दोस्रो जित निकालेको हो।

सातदोबाटोको जितमा विलियम एसिडुले निर्णायक गोल गरे। तर, सातदोबाटोले जित निकाल्न दोस्रो हाफसम्म कुर्नु परेको थियो। खेलको ५५ औं मिनेटमा विलियमले गोल गरेका थिए। यस जितसँगै सातदोबाटोले २ खेलमा ६ अंक जोडेको छ। सातदोबाटोले पहिलो खेलमा एनआरटीलाई हराएको थियो। एपीएफको यो पहिलो हार हो। पहिलो खेलमा एपीएफले थ्री स्टारलाई हराएको थियो।

**एएफसी यू-२० महिला एसियन कप**

# प्यालेस्टाइनमाथि नेपालको शानदार जित

■ प्रभाव संवाददाता



**काठमाडौँ–** एएफसी यू-२० महिला एसियन कप छनोटको पहिलो खेलमा नेपालले शानदार जित निकालेको छ। फैजल अल हुसेनी अन्तराष्ट्रिय रंगशालामा बुधबार भएको खेलमा नेपालले आयोजक प्यालेस्टाइनलाई ६-० गोल अन्तरले हराएको हो।

नेपालको सानदार जितमा दिपा शाहीले ह्याट्रिक गोल गरिन्। गरिमा राईको नाममा दुई गोल रह्यो। नेपालले एक गोल आत्मघाती उपहार पायो। खेलको २१ औं मिनेटमा दिपाले गोल गर्दै नेपाललाई सुरुआती अग्रता दिलाएकी थिइन्। गरिमाले २९ औं मिनेटमा गोल गर्दा नेपाल पहिलो हाफमा २-० ले अघि रह्यो।

खेलको ६४ औं मिनेटमा दिपाले व्यक्तिगत दोस्रो गोल गर्दा नेपाल ३-० ले अघि रह्यो। ७५ औं मिनेटमा दिपाले ह्याट्रिक पूरा गर्दा नेपालको अग्रता ४-० को बन्यो। खेलको ८३ औं मिनेटमा गरिमाले व्यक्तिगत दोस्रो गोल गर्दा नेपाल ५-० ले अघि रह्यो। त्यसपछि खेलको ८५ औं मिनेटमा प्यालेस्टाइनकी गोलकिपर शारलोट फिलिप्सले आत्मघाती गोल गर्दा नेपाल ६-० ले विजयी भयो। जितसँगै नेपालले पहिलो खेलमै ३ अंक जोडेको छ।

छनोटको समूह 'बी' मा नेपाल, प्यालेस्टाइन र नर्दन मारियाना आइल्याण्ड रहेको छ। अब दोस्रो खेलमा नेपालले नर्दन मारियानासँग सोमबार खेल्नेछ। छनोटबाट समूह विजेताले दोस्रो चरणमा स्थान बनाउने छन्। दोस्रो चरण जुन ३ देखि ११ सम्म हुनेछ। जसबाट उत्कृष्ट ४ टोलीले उज्वेकिस्तानमा हुने यू-२० महिला एसियन कप खेल्नेछ। उज्वेकिस्तानमा हुने यू-२० महिला एसियन कप २०२४ को मार्च ३ देखि १६ सम्म हुनेछ। यू-२० महिला एसियन कपमा १६ टोलीले प्रतिस्पर्धा गर्ने छन्।

# नेपाल र पिएनजी आज भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौँ–** आइसिसी विश्वकप क्रिकेट लिग टु अन्तर्गत आज नेपाल र पपुवान्युगिनी (पिएनजी) बीच खेल हुँदै छ। नेपालको घरेलु मैदानमा हुने पिएनजी, युएई र नेपाल सम्मिलित त्रिकोणात्मक शृंखलाको पहिलो नेपालमा नेपाल र पिएनजीबीचको खेल आज हुने भएको हो।

विश्वकप छनोटका लागि आगामी चारवटै खेल जित्नुपर्ने लक्ष्यसहित मैदानमा उत्रिन लागेको नेपालले यसअघि युएईमा भएको शृंखलाका दुईवटै खेलमा पिएनजीलाई पराजित गरेको थियो। लिग टुमा नेपाल ३२ खेलमा ३२ अंक छ र पाचौं स्थानमा छ। युएई ३२ खेलमा ३१ अंक सहित छैटौं स्थानमा छ। सातौं स्थानको पपुवा न्युगिनीको भने ३२ खेलमा ९ अंक छ।

लिगका सबै खेल खेलिसकेको स्कटल्यान्ड ५० र ओमान ४४ अंकसहित दोस्रो स्थानमा छ। स्कटल्यान्ड र ओमानले जिम्बाब्वेमा विश्वकप छनोट खेल्ने पक्का भैसकेको छ। बाँकी एक स्थानका लागि नामिबिया, युएई र नेपाल प्रतिस्पर्धामा छन्। तेस्रो स्थानको नामिबिया ३६ खेलमा ३९ अंक छ भने चौथो स्थानको अमेरिकाको ३६ खेलमा ३५ अंक छ।

लिग टुको अन्तिम शृंखलामा नेपालले युएई र पिएनजीसँग खेल्दैछ। सार्वजनिक तालिका अनुसार नेपालले फागुन २५ र २९ मा पिएनजी तथा फागुन २८ र चैत दुईमा युएईसँग खेल्नेछ। यसैगरी पिएनजी र युएईले फागुन २६ र चैत एकमा प्रतिस्पर्धा गर्नेछन्। नेपालले दुई साता अगाडी लिग टु अन्तर्गत घरेलु भूमिमा चार वटै खेल जितेको थियो। त्यसलगत्तै सुरु भएको युएई भ्रमणमा पनि तिन खेल जितेको थियो। नेपाल क्रिकेट संघ (क्यान) ले यस सिरिजका लागि १४ सदस्यीय टोली घोषणा गरिसकेको छ। लिगमा बाँकी रहेको चार खेल जितेमा नेपालको तेस्रो स्थानमा बस्दै विश्वकप छनोट खेल्ने लक्ष्यले पूर्णता पाउने छ। चारमध्ये दुई खेल जिते नेपालको एकदिवसीय मान्यता भने कायम रहनेछ।

**नेपाली टोली**

रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ सेख, ज्ञानेन्द्र मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, करण केसी ,प्रतिश जिसी, कुशल मल्ल, आरिफ सेख, सोमपाल कामी , गुल्सन झा, भिम सार्की, ललित राजवंशी

# राष्ट्रसंघीय महासचिव र युक्रेनका राष्ट्रपतिबीच भेटवार्ता




**संयुक्त राष्ट्रसंघ–** राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेर्रेस र युक्रेनका राष्ट्रपति भोलोदमिर जेलिन्स्कीकाबीच भेटवार्ता भएको छ । उनीहरूका बीचमा बुधबार युक्रेनको राजधानी सहर किभमा भेटवार्ता भएको राष्ट्रसंघीय महासचिवका प्रवक्ताले जानकारी दिएका छन् ।

राष्ट्रसंघीय महासचिव गुटेर्रेसका प्रमुख प्रवक्ता स्टेफान डुजारिकले महासचिव गुटेर्रेस सो भेटवार्ताका लागि बुधबार युक्रेन पुग्ने जानकारी दिएका हुन् । उनले मंगलबार महासचिव गुटेर्रेस पोल्याण्ड रहेको र बुधबार किभ पुगेर भेटवार्ता हुने भएको जानकारी दिएका थिए ।

सो भेटवार्ताका क्रममा युक्रेन र रुसका बीचमा सन् २०२२ को जुलाईमा भएको मल तथा खाद्यान्नको निकासीको सम्झौताका विषयमा कुराकानी हुने अनुमान गरिएको थियो ।

गत वर्षदेखि युक्रेनमा रुसले गरेको आक्रमणका कारण कतिपय आपूर्तिका विषयमा विवाद उत्पन्न भएको छ । खाद्यान्न तथा अन्य आवश्यक कृषि सामग्रीको आपूर्ति हुन नसक्दा विश्वबजारमा नै यसको प्रभाव परिरहेको छ । *रासस/सिन्ह्वा*

## सिरियामा ड्रोन आक्रमणमा ४ जना मारिए

**बेरुत–** सरकार नियन्त्रित पूर्वी सिरियामा बुधबार इरान समर्थित गुटहरूद्वारा भएको ड्रोन आक्रमणमा चार जनाको मृत्यु भएको सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले जनाएको छ । उक्त आक्रमणमा अन्य आठ जना घाइते भएका छन् ।

सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स रामी अब्देल रहमानका अनुसार पूर्वी सहर देइर एजोरमा इरान समर्थित समूहको हतियार कारखाना नजिक ड्रोन आक्रमण भएको हो । आक्रमण शीर्ष इरानी कमाण्डरहरू र लेबनानको हिजबुल्लाह आन्दोलनका वरिष्ठ अधिकारीहरूको निवासलाई लक्ष्य गरेर भएको ठानिएको छ ।

सिरियाली सरकारसँग गठबन्धनमा रहेका इरान समर्थक गुटहरू हिजबुल्लाहलगायत देइर एजोर प्रान्त हुँदै बग्ने युफ्रेटिस नदीको दक्षिण र पश्चिममा भारी मात्रामा तैनाथ छन् । आतंकवादीले बिछ्याएको बारुदी सुरुङ देइर एजोर नजिक विष्फोट हुँदा केही हताहत भएका सरकारी सञ्चारमाध्यमले जनाएका छन् । यद्यपि, त्यसबारे विस्तृत विवरण दिएका छैनन् । गत जनवरी ३० मा सोही क्षेत्रमा भएको ड्रोन हमलामा ११ जना मारिएका थिए ।

सन् २०११ देखि प्रारम्भ भएको द्वन्द्वबाट करिब पाँच लाख सर्वसाधारणको ज्यान गइसकेको छ । शान्तिपूर्ण विरोध प्रदर्शनमा क्रुर दमन भएपछि सिरिया द्वन्द्वको चपेटामा परेको हो । लाखौं घरबारविहीन भएका छन् भने त्यति नै संख्यामा विस्थापित भएका छन् । *रासस/एएफपी*

## सुरक्षा कारबाहीमा ६ जनाको मृत्यु

**जेनिन (प्यालेस्टिनी क्षेत्र)–** खोजीको सूचीमा रहेका एक जना लडाकूसहित छ जना प्यालेस्टिनी इजरायली सेनाको कारबाहीमा मारिएका छन् । मारिएको लडाकूले केही समयअघि दुई जना इजरायली नागरिकको हत्या गरेको आरोप लागेको थियो ।

त्यसयता इजरायली सेना र प्यालेस्टिनी लडाकूबीच घातक आक्रमण जारी छन् । प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार मारिएका सबै पुरुष हुन् । ती मध्ये पाँच जना २० र एक जना ४९ वर्षका हुन् ।

प्यालेस्टिनी पक्षले जेनिन शरणार्थी शिविरमा आक्रमण भएको बताएको छ । शिविरमा प्रवेश गरेर एउटा घरलाई इजरायली फौजले घेरेको थियो । दुवै पक्षबीच भीषण गोली हानाहान भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

आतंकवादी समूह जेनिन ब्रिगेडले आफ्नो समूहमा आबद्ध सदस्यले बहादुरीका साथ इजरायली सेनाको प्रतिकार गरेका जनाएको छ । दोहोरो झडपका क्रममा २६ जना प्यालेस्टिनी घाइते भएका छन् । सन् १९६७ मा छ दिनको युद्धपछि इजरायलले कब्जा गरेको प्यालेस्टिनी क्षेत्रमा छिटपुट हिंसाका घटना भइरहेका छन् । *रासस/एएफपी*

## श्रीलंकामा स्थानीय निर्वाचनको नयाँ मिति घोषणा

**कोलम्बो–** श्रीलंकाको निर्वाचन आयोगले अप्रिल २५ लाई स्थानीय परिषद्को निर्वाचन गराउनको लागि उपयुक्त मिति भएको घोषणा गरेको छ । अप्रत्यासित र अपरिहार्य कारणले तोकिएअनुसार मार्च ९ गते स्थानीय निर्वाचन हुन नसक्ने पनि आयोगले क्षेत्रीय निर्वाचन अधिकृतलाई जानकारी गराएका छन् ।

क्षेत्रीय निर्वाचन अधिकारीहरूलाई अप्रिल २५ लाई निर्वाचनको दिनको रूपमा सरकारी घोषणा भएको जानकारी दिइएको छ । प्रादेशिक निर्वाचन अधिकारीहरूले यस वर्षको सुरुमा सरकारले स्थानीय चुनाव मार्च ९ गते हुने घोषणा गरेका थिए । तर, सरकारले अपुग रकमको कारण देखाउँदै निर्वाचनमा ढिलाइ गरेको थियो ।

श्रीलंकाले स्थानीय सरकार निकायहरूको लागि प्रत्येक चार वर्षमा एक पटक चुनाव गर्दछ, र स्थगित स्थानीय चुनावहरू २०२२ मा हुने तालिका रहेको थियो । *रासस/सिन्ह्वा*


### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE SKILLED CRAFTSMAN FACTORY FOR WOODEN INDUSTRIES

पूर्व स्वीकृति मिति : २०७९/११/२३ LT. No. 282328 चलानी नं. : ६०१९७७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter Assistant | 2 | 0 | 1200 | ४१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED M. RASHID AL-GARBOO CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No. 282258 चलानी नं. ६०१९७७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road maintenance worker | 20 | 0 | 1200 | ४१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



### साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: INTERNATIONAL CONSTRUCTION & MANUFACTURING SERVICES

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No.282314 चलानी नं. ६०१९७७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labor | 36 | 0 | 1000 | ३४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : L H B TIMBER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२४ LT. No. 280082 चलानी नं. ६०१९५५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 9 | 0 | 1500 | ४३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । (नोट: शनिबार पनि अन्तरवार्ता हुनेछ)

फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७/२८ गते (11/12th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISION PROTECTION COMMUNICATION CO. LTD

पूर्व स्वीकृति मिति २०७९/०८/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२४ LT. No. 277137 चलानी नं. ६०१९३१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1400 | ४८,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JACKO GASES COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No. : 282307 चलानी नं. ६०१९७७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 4 | 0 | 1800 | ६२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEGAH TRANSPORT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१९ LT. No. 269399 चलानी नं. ६०१८५३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Handling | 14 | 0 | 1500 | ४३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २ गते (16th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२५०० | प्रति तोला – १०२००० | प्रति तोला – १२७५ |



**हस्तकला प्रदर्शनी** | अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा पोखरास्थित महिला सीप विकास संस्थाले बुधबार आयोजना गरेको हस्तकला प्रदर्शनीको अवलोकन गर्दै विदेशी पर्यटक । *तस्बिरः रामबहादुर थापा/रासस*

# आय विवरण दाखिला गर्ने करदाता घटे

■ प्रभाव संवाददाता

**काठमाडौं–** अघिल्लो आर्थिक वर्षको तुलनामा गतवर्षको आय विवरण दाखिला गर्ने करदाता ठूलो सङ्ख्यामा घटेको देखिएपछि आन्तरिक राजस्व विभागले खोजबिन सुरु गरेको छ । प्रत्येक आर्थिक वर्षको आय विवरण असोज मसान्तसम्म कर कार्यालयमा दाखिला गरिसक्नुपर्छ ।

यस्तो विवरण बुझाइसक्न पुस मसान्तसम्मको म्याद थपिएकोमा सो अवधिसम्म पनि केही करदाताले विवरण नबुझाएपछि विभागले छानबिन थालेको हो । कतिपय करदाताले आफ्नो कारोबारको मूल्य अभिवृद्धि कर (भ्याट) को विवरण दाखिला गरेको, भन्सार तथ्याङ्क हेर्दा आयात-निर्यात गरेको पाइएको र त्यस्ता करदाताको नाममा अग्रीम कर कट्टीसमेत भएको देखिए पनि आयकरको विवरण भने नबुझाएको विभागले जनाएको छ ।

यसरी गत आर्थिक वर्ष २०७८/७९ मा कर लाग्ने कारोबार





गरेको देखिए पनि हालसम्म आय विवरण र कर दाखिला नभएपछि त्यस्ता करदाताको विवरण सङ्कलनको काम भइरहेको विभागका सूचना अधिकारी राजुप्रसाद प्याकुरेलले जानकारी दिए ।

'भ्याट, आशिकुडालगायतका तथ्याङ्क हेर्दा केही करदाताले आफ्नो कारोबारअनुसार आय विवरण र कर दाखिला गरेको देखिएन । गत वर्षको यही अवधिसम्मको तुलनामा यसवर्ष आय विवरण बुझाउने करदाताको सङ्ख्या निकै कम देखिएको छ । त्यस्ता करदाताबारे खोजबिन गर्न विभागले कर कार्यालयहरूलाई भनिसकेको छ', प्याकुरेलले भने ।

कुन कर कार्यालयमा कति करदाताले यस्तो विवरण बुझाउन बाँकी छ भन्ने तथ्याङ्क संकलन भइरकेको पनि उनले जानकारी दिए ।

आयकर विवरण र कर दाखिला नगर्ने करदाताको वास्तविक संख्या भने अझै आइनसकेको विभागले जनाएको छ । त्यस्तै, आय विवरण र कर दायित्व फरकफारक नगर्ने करदाताको छानबिन तथा अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने पनि विभागले जनाएको छ ।

चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा आयकर असुली निकै न्यून देखिएको छ । सरकारले पुस मसान्तसम्ममा रू एक खर्ब ५७ अर्ब २२ लाख १८ हजार बराबर आयकर उठाउने लक्ष्य राखेकोमा रू एक खर्ब १६ अर्ब ७९ करोड बराबर मात्रै असुली गरेको हो । जुन रकम यो अवधिका लागि राखिएको लक्ष्यको ७४ दशमलव तीन प्रतिशत बराबर हो ।

अहिले आयकर मात्र नभई समग्र आन्तरिक राजस्व नै प्रभावित भएको छ । चालु आर्थिक वर्षको अर्धवार्षिक समिक्षा अवधिसम्ममा समग्र सरकारी राजस्व संकलन लक्ष्यभन्दा निकै कम छ ।

विभागका अनुसार पुस मसान्तसम्म रू ६ खर्ब ५१ अर्ब ६१ करोड ८७ लाख आन्तरिक राजस्व उठाउने लक्ष्य रहेकोमा रू चार खर्ब ९० अर्ब चार करोड ३८ लाख बराबर मात्रै असुली भएको छ । जुन अर्धवार्षिक लक्ष्यको ७५ दशमलव २० प्रतिशत बराबर हो । अर्थात चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा सरकारको राजस्व संकलन लक्ष्यभन्दा २४ दशमलव ८० प्रतिशत बिन्दुले न्यून देखिएको छ ।

# प्रसारण लाइनको अवरोध हटाइँदै

■ प्रभाव संवाददाता

**पर्वत–** राष्ट्रिय गौरबको आयोजना कालीगण्डकी प्रसारण करिडोरअन्तर्गत कुश्मा-बुटवल खण्डको फलेवासमा भइरहेको अवरोध हट्ने भएको छ। कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइन आयोजना निर्माणमा तीन वर्षदेखि फलेवास नगरपालिका-६ मा स्थानीयले अवरोध गरेपछि काम ठप्प बनेको थियो ।

फलेवास-६ देवीस्थानस्थित विद्यालय र रंगशालामा क्षति पुग्ने भन्दै स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै निर्माणमा अवरोध गरेका थिए । स्थानीयको अवरोधका कारण फलेवासमा प्रसारण लाइनका चार टावर निर्माण हुन सकेका छैनन् । लामो समयसम्म काम अघि बढ्न नसकेपछि नेपाल विद्युत् प्राधिकरणको टोलीले पहल थालेको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसहित प्राधिकरण आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान, आयोजना प्रमुख चन्दन घोषसहितको टोलीले स्थलगत निरीक्षण गरी काम अघि बढाउन पहल गरेको हो । टोलीले स्थानीयसँग छलफल गरेको थियो ।

कालीगण्डकी र यसका सहायक खोलामा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि यो लाइन महत्वपूर्ण रहेकाले निर्माणमा अवरोध नगरिदिन टोलीले आग्रह गरेको छ । लाइन अभावमा जलविद्युत् आयोजनाको विद्युत् मुख्यरूपमा वर्षायाममा प्रवाह गर्न नसकिएकाले यसबाट मुलुकलाई ठूलो क्षति भइरहेकाले निर्माणमा सहयोग गर्न कार्यकारी निर्देशक कुलमान घिसिङले अनुरोध गरेका छन् ।

प्रसारण लाइनको टावर सार्न सम्भव भए/नभएको विषयमा प्राविधिक टोलीले चार/पाँच दिनभित्रमा सर्वेक्षण सम्पन्न गर्ने सहमति भएको छ। 'प्रसारण लाइनमुनि विद्यालय पर्छ भन्ने स्थानीयको कुरा थियो । तर स्थलगत निरीक्षणका क्रममा विद्यालय नपर्ने देखिएको छ', घिसिङले भने, 'सर्वेक्षण सम्पन्न भएपछि विद्यालयलाई प्राथमिकतामा राखी प्राविधिकरूपमा सम्भव भएसम्म टावरलाई रंगशालाको डिलतर्फ च्यापेर टावर निर्माण गर्ने सहमति भएको छ।'

विद्यालयलाई जोगाएर प्राविधिकरूपमा सम्भव भएसम्म रंगशालालाई पनि कम असर पर्ने गरी टावर निर्माण गरिने घिसिङको भनाइ छ । कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि नेपाल सरकार, प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण सुरु गरिएको हो ।

आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाबाट पर्वतको कुश्मा नगरपालिका-२ खुर्कोटसम्मको ३९ दशमलव छ किलोमिटर खण्ड निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ । खुर्कोटमा २२०/१३२ केभी र दानामा २२०/१३२/३३ केभी सवस्टेसन निर्माण गरिएको छ ।

करिडोरको दोस्रो खण्डअन्तर्गत कुश्माबाट नवलपरासीको सुनवल नगरपालिका-१३ भुमहीस्थित (नयाँ बुटवल सवस्टेसन)सम्मको ८८ किलोमिटर प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ। यस खण्डमा पर्ने दुई सय ३५ टावरमध्ये फलेवासमा पर्ने चारवटाको निर्माण बाँकी छ। प्रसारण लाइन निर्माण असारभित्रमा सम्पन्न गर्ने गरी काम भइरहेको आयोजना प्रमुख चन्दन घोषले जानकारी दिए ।

# यातायात कार्यालय बिहान ८ बजेदेखि खुल्ने

**काठमाडौं (प्रस)–** देशभरिमा सेवाग्राहीको बढी चाप हुने यातायात कार्यालयमा पर्ने एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय, चालक अनुमतिपत्र कार्यालयले बिहान ८ बजेदेखि नै सेवा सुरु गर्ने तयारी गरेको छ ।

कार्यालयमा सधैँ कार्यालय समयभन्दा घण्टौँ पहिले नै सेवाग्राही लाममा हुने गरेकाले भीडभाड व्यवस्थापनका लागि बिहान चाँडै सेवा सुरु गर्ने योजना बनाइएको कार्यालयले जनाएको छ। बिहान ८ बजेदेखि खुल्दा सेवाग्राही लाममा बस्नु नपर्ने र उनीहरूले थोरै समयमा काम गरिसक्ने कार्यालयका प्रमुख राजकुमार कपालीले बताए । उनले भने, 'लाममा बस्न नपरेपछि बिचौलियाले पनि ठग्न पाउँदैनन् । आउँछन् र खुरुखुरु जान सक्छन् ।'

बिहानदेखि सेवा सुरु अहिले छलफल भइरहेको कार्यालयले जनाएको छ । सेवा प्रवाह कार्यालय समयमा हुने भए पनि सेवाग्राही बिहान छ बजेदेखि लाममा बस्ने गरेको उनले बताए । सेवाग्राहीलाई बुझाउन नसकिएको १० बजेसम्म दुई सय जना लाममा बस्ने उनले बताए । प्रमुख कपालीले भने, 'ताला लगाए पनि बाहिरैबाट लाम हुने गरेको छ ।'

कार्यालयले दैनिक तीनदेखि साढे तीन सय टोकन बाँड्ने गरेको छ । त्योबाहेक टाढाबाट आएको जाममा परेको वा तुरुन्त अनुमतिपत्र चाहिने सेवाग्राहीलाई टोकन नभए पनि अवस्था हेरेर सेवा दिइने प्रमुख कपालीले बताए । उनले भने, 'समस्या रहेकालाई टोकन विना ५० देखि एक सयसम्मलाई दिने गरिएको छ ।' कार्यालयमा अहिले दरबन्दीअनुसार नै जनशक्ति कार्यरत रहेका छन् । विसं २०७२ को दरबन्दीअनुसार ३५ जना रहेकामा र करारबाट २२ जना कार्यरत रहेका छन् । कार्यालयको व्यस्त समय ११ देखि २ बजेसम्म जनशक्ति कमी महसुस हुने भए पनि अरू समयमा जनशक्ति पर्याप्त नै हुने गरेको उनले बताए ।

# निगमका महिला पाइलटलाई मन्त्रीको स्वागत

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को अन्तर्राष्ट्रिय उडान गर्ने महिला विमानचालक (पाइलट)लाई स्वागत गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री सुदन किरातीले आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा महिला विमान चालक दललाई स्वागत गरेका छन् ।

काठमाडौँ-दुबई-काठमाडौँ उडान भरेका महिला चालक दललाई हौसला र प्रोत्साहन दिलाउन पर्यटनमन्त्री विमानस्थल पुगेर स्वागत गरेका हुन् ।

महिला विमान चालकलाई विमानस्थलमा स्वागतपछि रासससँग कुराकानी गर्दै पर्यटनमन्त्री किरातीले नेपालको उड्डयन क्षेत्रको इतिहासमा पहिलो पटक महिला पाइलटले अन्तर्राष्ट्रिय उडान भरेर नयाँ इतिहास कायम गरेको बताए ।

महिलाहरूको अन्तर्राष्ट्रिय उडानले पर्यटन मात्र नभएर मुलुकको समग्र क्षेत्रमा सकारात्मक सन्देश दिएको उहाँले उल्लेख गरे । 'पर्यटनमा मात्रै होइ, यो उडानले नेपालकै उड्डयनको इतिहासमा पहिलोचोटि महिलाहरूले उडाएको जहाज ऐतिहासिक छ र आज एक सय १३औं विश्व महिला दिवस भएकाले मैले





उहाँहरू (महिला विमान चालक दल) लाई स्वागत तथा बधाई दिएको र उहाँहरूको मनोबल उच्च बनाउन विमानस्थल गएको हुँ', पर्यटनमन्त्री किरातीले भने ।

यो उडानमार्फत पनि महिलाहरूले देश समाजका लागि केही गर्न सक्छन् भन्ने प्रमाणित भएको मन्त्री किरातीले उल्लेख गरे ।

निगमको उडान इतिहासमै पहिलो पटक महिला पाइलटले अन्तर्राष्ट्रिय उडान (काठमाडौँदेखि दुबई भएर पुनः काठमाडौँ) भरेका हुन् । पाइलटद्वय भावना पन्त र को-पाइलट सृजना राउतको टोलीले काठमाडौँ-दुबई-काठमाडौँ उडान भरेको निगमका सहायक प्रवक्ता गणेशकुमार घिमिरेले जानकारी दिए ।

उनका अनुसार महिला चालक दलले आज निगमको एयरबस 'ए' ३२० जहाज दुबईबाट काठमाडौँको उडान भरेका हुन् । दुई महिला पाइलटले निगमको एयरबस 'ए'-३२० जहाज गत फागुन २० गते राति ११ बजे काठमाडौँबाट दुबईका लागि उडान भरेका थिए ।

निगमको आजको दुबई-काठमाडौँ उडानको 'ए' ३२० जहाज पाइलट भावना पन्त र को-पाइलट सृजना रावतले उडाउनुभएको थियो । यो उडानका सबै क्रू मेम्बर महिला थिए । विमान परिचारिका (एयरहोस्टेस) समेत सबै महिला रहेको निगमले जनाएको छ ।

निगमले आफ्नो उडान इतिहासमै पहिलो पटक महिला पाइलटले अन्तर्राष्ट्रिय उडान भरेको जनाएको छ । अन्तर्राष्ट्रिय महिला दिवसका दिनमा निगमले यो संयोग जुराएको हो । निगमसँग आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानमा गरी छ जना महिला पाइलट छन् ।

# माई खोला हाइड्रोपावरको आइपिओ खुल्यो

**काठमाडौं (प्रस)–** माई खोला हाइड्रोपावरले बिहीबार (आज) देखि आइपिओ निष्काशन गर्दै छ । आयोजना प्रभावित स्थानीय र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि कम्पनीले आइपिओ बिक्री खुला गर्ने भएको हो । उक्त आइपिओमा चैत ९ गतेसम्म आवेदन दिन सकिनेछ । स्थानीयले भने उक्त अवधिसम्ममा पूर्ण आवेदन नपरेमा चैत २४ गतेसम्म सेयर भर्न पाउनेछन् । तर वैदेशिक रोजगारीमा रहेका नेपालीले भने चैत ९ गतेसम्म आवेदन दिइसक्नुपर्नेछ ।

कम्पनीले स्थानीय बासिन्दाहरूका लागि जारी पुँजी ३९ करोड २१ लाख ५६ हजार ८०० रूपैयाँको १० प्रतिशत अर्थात ३ करोड ९२ लाख १५ हजार ७०० रूपैयाँ बराबरको ३ लाख ९२ हजार १५७ कित्ता सेयर बिक्री खुला गर्न लागेको हो ।

यस्तै, कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले १० प्रतिशत अर्थात १ लाख ५२ हजार ९४१ कित्ता सेयरमा आवेदन दिन सक्ने कम्पनीले जनाएको छ । स्थानीयले न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्ता र वैदेशिक रोजगारीमा गएकाले न्यूनतम १० कित्तादेखि अधिकतम ५० हजार कित्तासम्म आवेदन दिन सक्नेछन् ।

यस आइपिओलाई रेटिङ एजेन्सी इक्रा नेपालले वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको जनाउने 'एनपी डबल बी प्लस रेटिङ' प्रदान गरेको छ । यस आइपीओमा स्थानीयले प्रभु बैंक, सेन्चुरी बैंक तथा प्राइम कमर्सिल बैंकको इलाम शाखाबाट आवेदन दिन सक्नेछन् । यस्तै, बिक्री प्रबन्धक प्रभु क्यापिटल कमलादी काठमाडौं र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले भने सी-आस्वा प्रणालीमार्फत आवेदन दिन सक्ने छन् ।





प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ